| | धानबाली, रुख, विरुवा, तरकारी लगायत अन्य उत्पादनमा देखा परेका समस्याको समाधान | व्यहोरा खुलेको निवेदन , परिचय पत्र वा फर्म दर्ताप्रमाण पत्रको प्रतिलिपि |
| लघु उद्यम ईकाई | प्राईभेट फर्म, समुह, पसल, घरेलु उद्यम दर्ता तथानविकरण, ठाउँसारी/पूँजीबृद्धी/संसोधन लगायतका कार्यहरु | वडाको सिफारिस , व्यहोरा खुलेको निवेदन , नेपालीनागरिकता प्रमाणपत्रको प्रतिलिप , करचुक्ता प्रमाणको प्रतिलिपि, चौकिल्लाप्रमाणित, मन्जुरीनामा, पासपोर्ट साइज फोटो लगायत अन्य आवश्यक कागजातहरु |
| सहकारीईकाई | सहकारीदर्ता, नवीकरण, खारेजी, नियमन, अनुगमन, मुल्याङ्कन | वडाको सिफारिस , व्यहोरा खुलेको निवेदन , सञ्चालक समितिकोनिर्णय, अडिट रिपोट |
| पशुपन्छी सेवा तथा विकास शाखा | फर्म, समुह, समिति दर्ता नविकरण र नविनतम प्रविधि हस्तान्तरण र छलफल | व्यहोराखुलेको निवेदन , वडाको सिफारिस , जग्गाधनी पूर्जाको प्रतिलिपि , फोटो, सम्बन्धितआ.व.को एकिकृत करचुक्ताको प्रमाण, नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि |
| | नियमितपशुको उपचार र औषधी वितरण | वडानं. २ मनरी पशु उपकेन्द्रबाट सेवा प्रवाह भइरहेको |
| | पशुपन्छीमादेखा पर्ने महामारी तथा आकस्मिक सेवाको उपचार तथा रोकथाम सम्बन्धी कार्यक्रम | सम्बन्धितवडाको सिफारिस , कृषक समुह समितिको माइनुटको फोटोकपी , व्यहोरा खुलेको निवेदन , फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि |

| | | |
|---|---|---|
| विपद व्यवस्थापन ईकाई | सुरक्षितनागरिक आवास कार्यक्रम सम्बन्धी कार्य, प्राकृतिक प्रकोप राहत सम्बन्धी कार्य | वडाबाटसिफारिस भएर आएको निवेदन , लगत इस्टीमेट, फोटो, मूल्याङ्कन, बिल भरपाई , डोरहाजिरी, सिफारिश तथा अन्य आवश्यक कागजात |
| | कृयाखर्च दर्ता सम्बन्धी कार्य | सम्बन्धितवडाको सिफारिस, मृत्य दर्ताको र नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि |
| न्यायिकसमिति | गाउँपालिकामादर्ता हुन आएका उजुरी तथा गुनासोहरुको छानविन, दर्ता, छलफल तथा आवश्यकप्रक्रियागत कार्य | व्यहोराखुलेको निवेदन, नागरिकता प्रमाणपत्रको प्रतिलिपि तथा उजुरी सम्बन्धी अन्य आवश्यककागजात वा प्रमाण |
| रोजगारसेवा केन्द्र | गाउँपालिकाक्षेत्रभित्र रहेका बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरीबेरोजगार व्यक्तिको सूची स्वीकृतिका लागि गाउँकार्यपालिका पेश गर्ने | वडाबाटसिफारिस भएर आएको फारम , व्यहोरा खुलेको निवेदन , नागरिकता प्रमाणपत्रको प्रतिलिपि |
| राजश्व ईकाई | राजश्वबुझ्ने, रसीद कट्टी कार्य | सम्बन्धितकार्यका लागि आवश्यक कागजात |

**सम्बन्धित सेवाको लागि लाग्ने समयः**प्रमाण पुगेकै दिन वा अधिकतम १५ दिन

**सम्बन्धित सेवाको लागि लाग्ने कर,शुल्क, दस्तुरः** गाउसभाबाट पारित आर्थिक ऐन बमोजिम

**गुनासो सुन्ने अधिकारीः** अध्यक्ष, उपाध्यक्ष, कार्यालय प्रमूख, शाखा प्रमुख लगायत जनप्रतिनिधि र कर्मचारी

## १.१२ ऐन, कार्यविधि, मापदण्ड वा निर्देशिकाको सूचि

| क्र.स. | ऐननियमहरुकोनाम |
|---|---|
| 1 | सरावलगाउँपालिका राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ |
| 2 | सरावलगाउँपालिकाको शिक्षा ऐन, २०७४ |

| | |
|---|---|
| 3 | सरावल गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायीइजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ |
| 4 | गाउँसभासंचालनकार्यविधि-२०७४ |
| 5 | बस्ती विकास, सहरी योजना तथा भवन निर्माण मापदण्ड २०७४ |
| 6 | सरावलगाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने )ऐन, २०७५ |
| 7 | कृषिव्यवसाय प्रवर्द्धन गर्न बनेको ऐन, २०७५ |
| 8 | न्यायिक समितिको उजुरीको कारवाही किनारा गर्दा अपनाउनु पर्नेकार्यविधिका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७५ |
| 9 | सरावलगाउँपालिकाको आर्थिक ऐन, २०७५ |
| 10 | सरावलगाउँपालिका विनियोजन ऐन, २०७५ |
| 11 | सरावलगाउँपालिकाको स्वास्थ्य तथा सरसफाई सेवा ऐन, २०७५ |
| 12 | आर्थिककार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको ऐन, २०७५ |
| 13 | सरावलगाउँपालिकाको सहकारी ऐन २०७४ |
| 14 | अपाङ्गताभएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि, २०७५ |
| 15 | सरावलगाउँपालिका नगर प्रहरी व्यवस्थापन कार्यविधि, २०७५ |
| 16 | सरावल गाउँपालिकाको उपभोक्ता समिति गठन परिचालन तथा व्यवस्थापनकार्यविधि, २०७६ |
| 17 | कोरोना भाईरस (कोभिड-१९) को संक्रमणको पहिचान, रोकथाम, नियन्त्रणतथा व्यवस्थापनमा संलग्न जनशक्तिको प्रतोशाहन भत्ता सम्बन्धी कार्यविधि, २०७६ |
| 18 | असङ्गठित क्षेत्रमा कार्यरत श्रमिक वर्ग तथा असहायहरुलाई उपलब्धराहत सम्बन्धि मापदण्ड, २०७६ |
| 19 | आर्थिकसहायता व्वस्थापन कार्यविधि २०७६ |
| 21 | सरावलगाउँपालिकाको आर्थिक ऐन, २०७७ |
| 22 | सरावलगाउँपालिकाको आर्थिक ऐन २०७६ |
| 23 | सरावलगाउँपालिकाको कृषि विकास ऐन, २०७७ |
| 24 | सरावलगाउँपालिकाको वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, २०७७ |
| 25 | विनियोजनऐन-२०७६ को प्रथम संसोधन २०७७ |
| 26 | उत्तम पोषणयोजना तथा पोषड भत्ता वितरण निर्देशिका २०७७ |
| 27 | प्रारम्भिकवातावरणीय परीक्षण कार्यविधि, २०७७ |

| | |
|---|---|
| 28 | धानकोविउमा अनुदान वितरण गर्न बनेको मापदण्ड, २०७७ |
| 29 | सरावलगाउँपालिकाको आर्थिक ऐन, २०७८ |
| 30 | सरावलगाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ |
| 31 | सरावल गाउँपालिका अन्तर्गत प्राकृतिक प्रकोप पीडित परिवारलाई राहतउपलब्ध गराउने सम्बन्धी मापदण्ड, २०७८ |
| 32 | सरावल गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायीइजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को प्रथम संशोधन २०७८ |
| 33 | सरावल गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका- २०७८ को प्रथम संशोधन२०७८ |
| 34 | सरावलगाउँपालिकाको आर्थिक ऐन २०७८ को प्रथम संशोधन २०७८ |
| 35 | सरावल गाउँपालिकाको आर्थिक ऐन २०७९ |
| 36 | सरावल गाउँपालिकाको मर्मत सम्भार कोष सञ्चालन कार्यविधि, २०७९ |
| 37 | सरावल गाउँपालिकाको कन्टिजेन्सी रकम खर्च सम्बन्धी कार्यविधि, २०७९ |
| 38 | सरावल गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ |
| 39 | सरावल गाउँपालिकाको एम्बुलेन्स सञ्चालन कार्यविधि, २०७९ |
| 40 | सरावल गाउँपालिकाको टोल विकास संस्था गठन तथा परिचालन कार्यविधि, २०७९ |

| हालसम्म अधिकारिक रुपमा मांग भएका सुचना हरुको विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | सूचना मांग गर्ने व्यक्तिको नाम | ठेगाना | सम्पर्क नं. | बिषय | मिति | कैफियत |
| १ | कृष्ण भट्टराई | सरावल १ नवलपरासी (ब.सु.प) | ९८५७०७००२३ | सूचना पाउँ बारे | ०३/०८/२०७८ | विवरण उपलब्ध गराइएको |
| २ | अखिलेश कु.तिवारी | सरावल वडा नं. ५ | ९८११२९९५८४ | सूचना तथा विवरणको | २०७८/०४/३२ | विवरण उपलब्ध |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | शैलेश कु.चौधरी<br>राजेन्द्र राजभर<br>इन्द्रजित राजभर<br>गुरु प्रसाद थारु<br>घनश्याम चौधरी<br>राजनरावण बरई | नवलपरासी (ब.सु.प) | | प्रमाणित प्रतिलिपि पाउँ भन्ने बारे | | गराइएको |
| ३ | दुर्गा आचार्य | जलजला ७, पर्वत | ९८६११८३७३२ | सूचना पाउँ | ११/१०/२०७८ | विवरण उपलब्ध गराइएको |
| ४ | शारदा भुसाल झा | अर्घाखाची | ९८६२२५९८७९ | सूचना पाउँ भन्ने बारे | २०७९/३/१९ | विवरण उपलब्ध गराइएको |

सूचना अधीकारी
नामःरिना कुर्मी
पदः-सूचनाप्रविधी अधिकृत
सम्पर्क नं. :९८५७०४७९६०
इमेलः suchanaadhikari@sarawalmun.gov.

## १.१३ आ.व २०८०/८१मापालिकाले लिएका नीति तथा कार्यक्रमहरू

**यस गरिमामय गाउँसभाका उपाध्यक्ष तथा गाउँपालिका उपाध्यक्ष ज्यू,**
**गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरु,राष्ट्र सेवक कर्मचारी ज्यूहरुलगायत उपस्थित सम्पूर्ण महानुभावहरू ।**

विश्व परिवेश अहिले फरक परिस्थितिमा रहेको छ। विश्वव्यापी आर्थिक मन्दी , रुस र युक्रेन युद्धका कारण सिर्जित विश्वव्यापी असर ,बढ्दो विश्वव्यापी तापक्रमको असरका कारण सरावलको अर्थ व्यवस्था समेत समस्यामा परेको छ । यसैको परिणाम स्वरुप सरावल गाउँ पालिका क्षेत्रमा पनि विकास निर्माण, आर्थिक तथा सामाजिक क्रियाकलाप लगायत विविध क्षेत्र निकै प्रभावित बन्न पुगेको छ। विभिन्न घटना/परिघटना तथा असहज परिस्थितिका साथै विविध चुनौतीहरुका बिचमा आज मैले सरावल गाउँपालिका को आर्थिक वर्ष२०८० /०८१ को नीति तथा कार्यक्रम यस गरिमामय गाउँसभामा पेश गर्न पाउँदा म अत्यन्तै गौरवान्वित भएको छु । ऐतिहासिक संविधान सभाबाट जारी भएको वर्तमान संविधानको मर्म र भावना अनुरुप सरावल गाउँबासीको प्रतिनिधित्व गर्दै स्थानीय सरकारको रुपमा निर्वाचित भई हामीले जिम्मेवारी सम्हालेको पनि एक वर्ष पूरा भई दोश्रो वर्षमा प्रवेश गरेको छ । गाउँबासीका असीमित इच्छा , आकांक्षा तथा मनोभावनालाई सम्बोधन गर्ने र जनताको पीडामा म ल्हम लगाउने उद्देश्यका साथ सीमित श्रोत , साधन र जनशक्तिलाई अधिकतम परिचालन र व्यवस्थापन गर्दै अगाडि बढिरहेको सरावल गाउँपालिकाको विकासका सबै ढोकाहरुको जग हाम्रै कार्यकालमा बलियो बनाइने कुरामा म विश्वस्त छु । स्थानीय सरकारको रूपमा जिम्मेवारी सम्हालेपछि आज यस गरिमामय सभामा गाउँपालिकाको सातौं नीति तथा कार्यक्रम पेस गरेको छु । यो नीति तथा कार्यक्रम निर्दिष्ट गरेअनुसारको आर्थिक वर्ष २०७९/८० को बजेट तथा कार्यक्रम कार्यान्वयनको अन्तिम चरणमा यस महत्वपूर्ण क्षणमा हामीलाई निर्वाचित गरेर गाउँपालिकामा पठाउनुहुने सम्पूर्ण आदरणीय गाउँवासीहरुलाई धन्यवाद तथा कृतज्ञता ज्ञापन गर्द छु साथै यहाँहरुले सुम्पनुभएको कार्यमा हामी कति ईमानदारितापूर्वक

लागेका छौं भन्ने कुराको मूल्याङ्कन गर्ने जिम्मेवारी समेत आदरणीय गाउँ बा सीहरूलाई नै दिनचाहन्छु ।

राष्ट्रियता, लोकतन्त्र, गणतन्त्र, संघीयता र जनजीवनका सवालमा भएका विभिन्नआन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात शहीदहरु प्रति भावपूर्ण श्रद्धा ञ्जली अर्पण गर्न चाहन्छु ।

राष्ट्रियता, स्वाधीनता र स्वाभिमान, लोकतन्त्र, संघीयता, जनजीविका, सुशासन र सम्वृद्धि प्राप्तिका लागि विभिन्न आन्दोलन र क्रान्तिको नेतृत्व गर्ने नेतागणहरु र सहभागी सम्पूर्ण तहका आमजनसमुदाय प्रतिसम्मान र प्रशंसा गर्दै उच्च सम्मान प्रकटगर्दछु।

राजनीतिक ईतिहासमा संविधानको कार्यान्वयनगर्नको निमित्त निर्वाचित भई उक्त कार्यमा दिनरात लागिरहनुभएका गाउँसभाका उपाध्यक्षज्यू र गाउँसभाका सबै सदस्यहरु लगायत यस कार्यमा साथ दिने सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरुले हालसम्म गर्नुभएको कार्यको लागि धन्यवाद दिंदै आगामी दिनमागरिने कार्यका लागि हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु।

नेपालको संविधानले अवलम्बन गरेको स्थानीय तहको सङ्घीय संरचनालाई कार्यमूलक बनाउने अभिभारा हाम्रो सामु रहेको गाउँ सभा, गाउँ कार्यपालिका राजनीतिक दल , निजी क्षेत्र, राष्ट्रसेवक कर्मचारी, सुरक्षा निकाय,नागरिक समाज, बुद्धिजीवि, पत्रकार लगायतसबैलाई संविधान कार्यान्वयन र सङ्घीयताको व्यवस्थापनमा योगदान दिन हार्दिक अपिल गर्दछु ।

वर्तमान परिवेशमा संविधानले प्र दत्त गरेको अधिकारको सीमाभित्र रही स्थानीय सरकारले गाउँबासीका भारी अपेक्षा र आवश्यकतालाई सम्बोधन गर्नकोलागि कर लगाउने र उठाउने कानून निर्माण गर्ने र आफैले छानेको गाउँ विकासको काम गर्न हामी अधिकार सम्पन्न छौं। विगत ६ आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अनुभव र सिकाईबाट सरावलको दिगो र सन्तुलित विकासका लागि ठोस रूपमा अगा डि बढने पृष्ठपोषण र प्रेरणा मिलेको छ। यस गाउँसभाले पारित गरेको नीति तथा कार्यक्रमले गाउँपालिकाको बजेट र योजना तथा कार्यक्रम निर्माणमा मार्गनिर्देशन गरी कोरोना महामारीपछिको विश्वव्यापी आर्थिक मन्दी, रुस र युक्रेन युद्धका कारण सिर्जित विश्वव्यापी असर ,बढ्दो विश्वव्यापी तापक्रमको असरका कारण विकास निर्माण, सेवा

प्रवाह र आम नागरिकका दैनिक क्रियाकलापहरूमा चुनौति खडा गरिदिएको छ । विभिन्न चुनौति र कठिन परिस्थितिका बिच आगामी आर्थिक वर्ष २० ८०/८१ को नीति तथाकार्यक्रम र बजेट तर्जुमा गर्न परिरहेको छ।

गणतन्त्र स्थापना तथा संघीयता कार्यान्वयनसँगै नव स्थापित गाउँपालिका गठनको पहिलो ६ वर्ष हामीले सिकाई, अभ्यास र चुनौतीको अवस्था पार गरिसकेका छौं । विभिन्न कानूनी अड्चन, जनशक्ति अभाव, पूर्वाधारको कमी, नयाँ संरचनाका कारण प्रकृयागत अलमल लगायतका विभिन्न चुनौतीका बावजुद पनि निश्चित प्रणाली विकास गरिसकेका छौं । पालिकाबासीलाई रोग, भोक, गरिबी, बेरोजगारी र अशिक्षाको भूमरीबाट बाहिर निकाल्नैपर्ने बाध्यता एवं बढ्दो जनअपेक्षाको तुलनामा सीमित स्रोत, साधनको कारण सोचे अनुरुप काम गर्न नसकेतापनि उपलब्ध स्रोत र साधनलाई समन्यायिक तथा सन्तुलित प्रणालीबाट नतिजामुखी परिणाम हासिल गर्न केही हदसम्म सफल भएको महशुस गरेको छु ।

सरावल गाउँबासी आदरणीय आमाबुबा, दाजुभाई तथा दिदीबहिनीहरुले यस गाउँपालिकाका जनप्रतिनिधिहरुलाई असल, इमान्दार, मिलनसार, प्रगतिशील, विकासप्रेमी तथा पश्चिम नवलपरासी जिल्लाकै नमूना जनप्रतिनिधिको रुपमा हेर्न चाहनुभएको छ । यहाँहरुको यही मर्म र भावनालाई आत्मसात्गर्दै हामीले गाउँपालिकाका कामहरु तिव्र गतिमा अगाडि बढाईरहेका छौं। आगामी दिनहरुमा अझै उच्च, दिगो र फराकिलो सोंच र चिन्तनका साथ यस गाउँपालिकाको विकासका आयाममा प्रगतिशील रुपान्तरण गर्ने दृढ अठोटका साथ **"स्वास्थ्य, शिक्षा, कृषि र पुर्वाधार :समृद्ध सरावलको आधार" भन्ने दीर्घकालिन सोंचलाई सार्थक तुल्याउन** यो नीति तथा कार्यक्रम सम्मानित सभा समक्ष पेश गर्न ग ईरहेको छु । मलाई आशा एवम् भरो सा छ यो नीति तथा कार्यक्रम कार्यान्वयनमा यहाँहरुको साथ, सहयोग र समन्वय रहनेछ।

**गाउँ सभाका सम्पूर्ण सदस्यज्यूहरू**

अब म आगामी आर्थिक वर्ष २० ८०/८१ को लागि प्रस्तावित विषयगत नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्ने अनुमति चाहन्छु । आगामी आर्थिक वर्षको सरावल गाउँवासीको स्वास्थ्य , सुरक्षा, कृषि क्षेत्रको व्यावसायीकरण, रोजगारमूलक क्रियाकलाप सिर्जना तथा प्रवर्द्धन प्राथमिकतामा रहनुको साथै शिक्षा क्षेत्रलाई पनि उत्तिकै ध्यान दिइएको छ ।

**आर्थिक विकास**

आर्थिक समृद्धि बिना विकासको लक्ष्य पुरा गर्न कठिनाई हुने भएकोले **"स्वास्थ्य, शिक्षा ,कृषि र पूर्वाधार :समृद्ध सरावलको आधार "**भन्ने नारासहित आर्थिक समृद्धिलाई विकासको मूल आधार बनाउँदै आर्थिक क्षेत्रमा देहायअनुसारको नीति अवलम्बन गरिनेछ ।

**कृषि तथा पशुपन्छी विकास**

१.कृषि उपज तथा कृषिजन्य उत्पादनमा आत्मनिर्भरताका लागि उद्यमशीलताको प्रवर्द्धन गर्न मल बिउ, किटनाशक औषधी आदिको सहज उपलब्धता , उत्पादित वस्तुको भण्डारण , प्रशोधन तथा बजार व्यवस्थामा सहजीकरण र सिंचाई सुविधा प्रवर्द्धन गर्ने व्यवस्था मिलाईनेछ ।

२.उत्पादनको प्रमुख साधन जमिन भएकोले गाउँपालिका भित्रको खेतीयोग्य जमिनबाट अधिकतम उत्पादन र उत्पादकत्व लिनेगरी उद्यम, पूँजी र उत्पादनका साधनहरुको उचित प्रबन्ध मिलाउने , कृषिलाई व्यावसायिक र यान्त्रीकरण गर्ने र उत्पादनका साधनमा वास्तविक कृषक तथा श्रमिक वर्गको पहुँच हुनेगरी बजेट विनियोजनमा प्राथमिकता दिइनेछ ।

३.लोपोन्मुख तथा रैथाने जातका बीउ विजन,नश्ल सुधार र कृषि तथा पंक्षीजन्य जैविक विविधता संरक्षणमा स्थानीय कृषक समूह तथा कृषि सहकारीहरूको अग्रसरतालाई प्रोत्साहन गरिनेछ ।

४.सरावलमा विशिष्ट पहिचान भएका कृषि उपजलाई प्याकेजिङ र ब्राण्डिङ गरी निर्यातयोग्य तुल्याई कृषकको मनोबल उच्च बनाउन प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

५.गाउँपालिका भित्र रहेका बाँझो जग्गाहरूको एकीकृत तथ्याङ्क संकलन गरी भूमि बैंकको अवधारणाकार्यान्वयन गर्न जमिनलाई बाँझो राख्न नदिनेनीति तय गरी गाउँपालिका भित्रको कृषिमा

आधुनिकीकरण, वैज्ञानिकीकरण, विविधिकरण र यान्त्रीकरणबाट श्रम प्रविधिलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी र प्रविधिमैत्री कृषि कार्यलाई जोड दिइनेछ ।

६.घुम्ती शिविरमार्फत् माटो तथा गो बर परीक्षण कार्यक्रम सञ्चालन गर्दै कृषि तथा पशुपंक्षी पालन क्षेत्रको उत्पादन वृद्धि गरिनेछ । **"गोठदेखि ओठसम्म"**भन्ने नाराका साथ स्वस्थ पशु तथा प्राङ्गारिक मल उत्पादनमा जोड दिइनेछ ।

७.कृषिमा प्राङ्गारिक मलको उत्पादन र प्रयोगलाई प्रोत्साहन गर्दै आधुनिक तथा दक्ष जनशक्तिकोअभाव पूरा गर्न यूवायूवतीहरुलाई कृषि तालिम दिने व्यवस्था मिलाईनेछ । **"जस्तो माटो, उस्तै बानी"** भन्ने नाराका साथ माटो परीक्षण गरी माटो सुहाउँदो "हाइ भ्यालु क्रप्स"को उत्पादनमा जोड दिइनेछ ।

८.भौगोलिक अवस्थिति, माटोको उर्वराशक्ति तथा प्राविधिक दृष्टिले सम्भाव्यताका आधारमा**एक वडा एक उत्पादन**को नीतिलाई निरन्तरता दिईनेछ ।

९. किसानको लागत मूल्य प्राप्तिको सुनि श्चितताको लागि पशुपंक्षी खोप कार्यक्रम , पशु गोठसुधार व्यवस्थापन, पशु आहार, नश्ल सुधार, स्थानीय र रैथाने जातका पशुपंक्षीको संरक्षण , प्रवर्द्धन, कृषि तथा पशु बीमा कार्यक्रमलाई निरन्तरता दिईनेछ । साथै हाल गाई भैंसीमा देखापरेको लम्पी स्किन रोग नियन्त्रणको लागि खोप अभियान संचालन गरिनेछ ।

१०.**"हातमा उत्पादन खातामा अनुदान'** भन्ने नाराका साथ किसानको उत्पादन, किसानको प्रोत्साहन कार्यक्रममार्फत् कृषि उपजको बजार पहुँचलाई अभिवृद्धि गर्न सहकारीमार्फत्अनुदानको व्यवस्था मिलाइनेछ ।

११.स्थानीय कृषि उत्पादनको संकलन तथा बिक्री वितरणको लागि सम्भाव्य स्थानमा कृषि हाटबजार तथा कृषि उपज संकलन तथा बिक्री वितरण स्थल निर्माण गरी कृषि उत्पादनलाई बजारीकरणको व्यवस्था मिलाईने छ । निर्माण सम्पन्न भएका श्रीनगर र हात्तिवनका हाटबजार स्तर तथा गोईनीको कृषि उपज संकलन केन्द्रलाई यसै वर्ष देखि संचालनमा ल्याईनेछ ।

१२.अर्गानिक कृषि उत्पादन गर्ने र त्य सको व्यावसायीकरण गर्ने कार्यको सुरुआत गरिनेछ । कृषक पाठशाला, नमूना कृषि प्रदर्शनी आदिका माध्यमबाट कृषकलाई आधुनिक खेती गर्न प्रोत्साहित गरिनेछ ।

१३.व्यावसायिक रूपमा कृषि तथा पशु पालनगर्ने कृषकलाई प्रोत्साहन गर्न निश्चित अनुदान उपलब्ध गराउनको लागि आवश्यक रकम विनियोजन गरिने छ ।व्यवसायिक पशुपालक किसानलाई घाँस खेती गर्ने थप प्रोत्साहन गर्न उत्पादनको आधारमा अनुदान दिने नीति अवलम्वन गरिनेछ ।

१४. व्यवसायिक कृषिलाई प्रोत्साहन गर्ने उद्देश्य अनुरुप वडा नं. ६ मा तरकारी उत्पादन तथा भैंसीपालन, वडा नं. २ मा माछापालन, वडा नं. १ र ३ मा बाख्रापालन, वडा नं. ५ मा धान उत्पादन, वडा नं. ३ र ४ मा गहुँ उत्पादन, वडा नं. ७ मा उखु उत्पादनको केन्द्रका रुपमा विकास गर्न आवश्यक मल बिउ, औषधी उपचार र यान्त्रिक तथा प्राविधिक सहयोग उपलब्ध गराइनेछ ।

१५. कृषि शाखाबाट बालीरोग तथा पशु विकास शाखाबाट पशुपंक्षीमा लाग्ने रोग, किरा पहिचान गरी शाखाबाटै रोकथामका उपाय अवलम्वन गरी कृषकका समस्या निराकरण गर्ने व्यवस्था मिलाइनेछ ।

१६. स्थानीय श्रोतसाधनको अधिकतम उपयोग गरी स्थानीय गाउँबासीले रोजगारी पाउने खालको योजना तथा कार्यक्रमलाई प्रथामिकता दिईनेछ।

१७.सामुदायिक पोखरी तालतलैयामा सघनमाछापालन गरि कृषकको आयआर्जन वृद्धि गरिनेछ सोको लागि आवश्यक नीति सहितका कार्यक्रम संचालन गरिनेछ ।

१८.युवा स्वरोजगार कार्यक्रम अन्तर्गत मासु पसल, डेरी स्थापनामा कृषक समुहहरुलाई संलग्न गराउने कार्यक्रम संचालन गरिनेछ ।

१९.कृषि उत्पादनको लागत घटाउन कृषि विद्युतिकरण तथा कृषि मिटरलाई विशेष जोड दिईनेछ।

२०.बढ्दो तापक्रम तथा जलवायु परिवर्तनवाट देखापरेको जमिन मुनिको पानी अभावलाई मध्यनजर गर्दै पालिका भित्रका सम्पूर्ण पोखरी तथा घोलाहरुलाई व्यवस्थित गर्दै ढल भण्डारणमा विशेष जोड दिईनेछ ।

२१.अतिक्रमित साविकका कुलो हुलासी र ड्रेनलाई सफाई नक्सांकन गरी सिंचाईका लागि प्रयोगमा ल्याईनेछ ।

२२.माग अनुसारको रासायनिक मल आपुर्तिका लागि नेपाल सरकारसँग मात्रै भर नपरेर गाउँपालिकाले नै भारतको सम्बन्धित निकायसँग समन्वय गरी मल आपुर्ति गर्न पहल गरिनेछ ।

२३.दुध उत्पादन संकलनको लागि यातायात सुविधा सहकारी संस्थाहरुलाई परिचालित गरी उचित व्यवस्थापन मिलाउन पहल गरिनेछ ।

२४.यसै आ.व.देखि सरावल गाउँपालिका भित्रका कृषिको पहिचान गरी कृषक परिचय पत्र उपलब्ध गराईनेछ ।

२५.वर्षातमा डुबान हुने क्षेत्र अन्तर्गत वडा नं. ५, ६ र ७ मा हिउँदे बाली मकै, गहु , तोरी र आलु खेति प्रवर्द्धन कार्यक्रम गरिनेछ ।

## <u>कला संस्कृति तथा पर्यटन संरक्षण</u>

१.सरावलमा अवस्थित ककरपत्त नगर (जावा), बर्दघाटे मन्दिर, अत्रहटी शिवालय मन्दिर, बहिरी सम्मेमाई मन्दिर, गोबरहिया कोटहीमाई मन्दिर , भगडा हसनी भवानी मन्दिर लगायतका मठ मन्दिरहरुलाई धार्मिक पर्यटकीय स्थलको रुपमा विकास गर्दै लगिनेछ ।

२.सरावललाई चिनाउन तथा आन्तरिक पर्यटकहरुलाई भित्र्याउन महत्वपुर्ण शिवरात्री मेला, माघे संक्रान्ती मेला, जितिया,तीज महोत्सवको आयोजना गरिनेछ ।

३.प्राचिन ककरपत्त नगरको पुरातात्विक अध्ययन, अन्वेषण तथा खोज अनुसन्धान कार्यलाई अगाडि बढाईनेछ । साथै सो क्षेत्र वरपर रहेको जावा गाउँमा होमस्टे सञ्चालनमा ल्याईनेछ ।

४.बुलबुले ताल, सिमसार ,जावा ताल, कमलपोखरी, धनपोखरा लगायतका ताल पोखरीहरुको संरक्षण गर्दै जल पर्यटनको सम्भाव्यता अध्ययन कार्यलाई अगाडि बढाईनेछ ।

५.नेपालकै पहिलो जटायू संरक्षण क्षेत्रको विस्तृत अध्ययन प्रतिवेदन अनुरुपको कार्य प्रक्रिया अगाडि बढाईनेछ ।

६.हुलासी नदीको गुरु योजना अनुरुप गोबरहिया देखी बट्सारे सम्म उपयुक्त स्थानमा जल पर्यटन संरचना निर्माण गर्न आवश्यक व्यवस्था गरिनेछ ।

७.सरावल-२ मनरी टोललाई थारु संस्कृतिक ग्रामको रुपमा प्रवर्द्धन गरिनेछ ।

**<u>उद्योग तथा वाणिज्य</u>**

१.स्थानीय पदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरुको प्रवर्धन गर्ने सीपमूलक तालिमको व्यवस्था गरी उत्पादित वस्तुको बजारीकरणको सुनिश्चितता प्रदान गर्न सहयोग पुर्याईनेछ ।

२.वैदेशिक रोजगार छाडेर स्वदेश फर्किएका तथा रोजगारीको खोजीमा रहेका व्यक्तिहरुमा रहेको सीपको विवरण समेत रोजगार सूचना केन्द्रमा अद्यावधिक गरी त्यस्तो जनशक्तिलाई गाउँपालिका भित्र उपलब्ध हुने निर्माण कार्य सेवा व्यवसाय , कृषि, साना तथा घरेलु उद्योग मझौला उद्योग लगायतका क्षेत्रका रोजगारदातासँग समन्वय गरी रोजगारी प्रदान गर्न सहजीकरण गरिने अथवा उनीहरुलाई उद्यमशीलता तथा वित्तीय साक्षरता तालिम प्रदान गरी सहुलियतपूर्ण कर्जा प्राप्तिका लागि सहजीकरण गर्दै स्वरोजगार र रोजगारीका थप अवसरहरुको सिर्जना गरिनेछ ।

३.कम्तिमा एक शैक्षिक संस्था, एक उद्यम कार्यक्रम कार्यान्वयनमा ल्याईनेछ ।

४.कोभिड १९, विश्वव्यापी आर्थिक मन्दी आदिका कारण सिथिल बनेको उद्योग, व्यवसाय,निर्माण, उत्पादन र पर्यटन क्षेत्रको विकासमा योगदानपुग्ने गरी बजेट विनियोजनमा प्राथमिकता दिईनेछ ।

५.सीपमूलक तालिममार्फत उद्यमशीलता र स्वरोजगारी सिर्जना गर्दै यु वा वर्गलाई विकास र आर्थिक, सामाजिक रुपान्तरणको रूपमा परिचालन गर्नेगरी उनीहरुको सीप विकास गर्न बजेट विनियोजन गरिनेछ ।

६.गरिबी न्यूनीकरणका लागि कृषि, पशुपंक्षी, लघु उद्यम मार्फत् आयआर्जन र स्वरोजगारका अवसरहरु प्रदान गरिनेछ ।

७.उद्योग स्थापना, संचालन र नवीकरण प्रक्रियालाई सरल, सहज र प्रभावकारी बनाई गाउँपालिका भित्र उद्योग संचालन गर्ने उद्योगीहरुलाई प्रोत्साहन स्वरूप बाटो , पानी र बिजुली जडानजस्ता आधारभूत पुर्वाधारहरुमा सहजीकरण गरिनेछ ।

८.सार्वजनिक खाली जग्गा, सामुदायिक वन क्षेत्रमा जडीबुटी खेती गरी जडीबुटीको उत्पादन र प्रशोधनकार्यलाई प्रोत्साहन गरी आयुर्वेदिक औषधी उत्पादनमा जोड दिईनेछ ।

९.गाउँपालिकाभित्रका उद्यम उन्मुख युवाहरुको क्षमता विकास गर्दै उद्यमशील बनाई विकासको मूल प्रवाहमा ल्याउनको लागि प्रदेश स्तरीय कार्यक्रमहरुसँग समेत साझेदारी गर्ने गरी गाउँप्रमुख युवा स्वरोजगार अनुदान कार्यक्रमलाई सुरुवात गरिनेछ ।

१०.गाउँपालिका भित्र संचालित सबै खाले व्यापार व्यवसायहरु अनिवार्य रुपमा गाउँपालिकामा दर्ताहुनुपर्ने प्रावधानलाई कडाईकासाथ लागू गरिनेछ ।

११.बजार अनुगमनमार्फत गाउँपालिका भित्र संचालित व्यापार व्यवसायमा उपलब्ध हुने सेवामा सुधार ल्याई गुणस्तरीय बनाईनेछ ।

**<u>सहकारी र वित्तीय क्षेत्र</u>**

१.गाउँपालिका भित्र कार्यक्षेत्र भएका सहकारीहरूलाई दर्तार अभिलेखीकरणमार्फत् व्यवस्थित गरिनेछ ।

२.गरिबी निवारण का लागि लघु उद्यम कार्यक्रमलाई थप सुव्यवस्थित गर्दै सहकारी प्रणालीमा रुपान्तरण गरी सो रकमलाई रोजगारी सिर्जना , आय आर्जन र उत्पादनमूलक कार्यमापरिचालन गरिनेछ|

३.गाउँपालिका भित्रका सहकारी संस्थाहरुको अनुगमन , निरीक्षण र नियमन गर्नको लागि आवश्यकसंयन्त्रको निर्माण गरिनेछ । साथै सहकारीहरुका लागि क्षमता विकास , लेखापालन तालिमको व्यवस्था मिलाईनेछ ।

**<u>सामाजिक विकास</u>**

'सामाजिक एकता, सरावलको समुन्नति भन्ने नारालाई व्यवहार मा लागू गरी सामाजिकविकासका क्षेत्रमा देहाय अनुसारका कार्यहरु संचालन गरिनेछः

**<u>शिक्षा, युवा तथा खेलकुद</u>**

१.शारीरिक तथा मानसिक विकाससहितको माध्यामिक तहसम्मको शिक्षालाई बालमैत्री , सिकाईमैत्री, प्रविधिमैत्री र गुणस्तरीय बनाउन विद्यालयमा पुस्तकालय , विज्ञान प्रयोग शाला, सूचना प्रविधि प्रयोगशाला ,सुविधा सम्पन्न खेलमैदान, स्वच्छ खानेपानी, सुविधायुक्त शौचालय,अपाङ्गमैत्री पूर्वाधार विकासमा बजेट विनियोजन गर्ने कार्यलाई प्राथमिकता दिईनु का साथै सबै विद्यालयमा कलर कोडलाई अनिवार्य गरिनेछ।

२."**गुणस्तरीय शिक्षा, सरावलको ईच्छा**"भन्ने नारालाई प्राविधिक र व्यावसायिक शिक्षामार्फत् गुणस्तरीय जनशक्ति उत्पादन गर्ने दीर्घकालीन नीति लिईनेछ ।

३.सरावल गाउँपालिका भित्र रहेका माध्यामिक विद्यालयलाई शैक्षिक गुणस्तर वृ द्धिकोलागि उपलब्ध गराउदै आएको गाउँपालिका अनुदान दरवन्दीलाई निरन्तरता दिदै आगामी आ.व.मा दरवन्दी मिलान गरी **"जहाँ विद्यार्थी त्यहाँ शिक्षक"**भन्ने नारालाई अनुसरण गरि व्यवहारिक रुपमा कार्यान्वयनगरिनेछ ।

४.विद्यालयको शैक्षिक क्रियाकलापमा रहेको डिजिटल ग्याप न्यूनीकरणका लागि सबै विद्यालयमा कम्प्युटरसहित शिक्षकहरुलाई सूचना प्रविधिमा आधारित तालिमको व्यवस्था मिलाईनेछ ।

५.आगामी शैक्षिक सत्रबाट गाउँपालिकाको आफ्नै व्यवस्थापन र लगानीमा सरावल प्राविधिक बहुप्राविधिकशिक्षालय तथा क्याम्पस संचालनको संभाव्यता अध्ययनलाईअगाडि बढाईनेछ ।

६.शैक्षिक संस्थाहरुमा अध्ययनरत छात्राहरुकोलागि निःशुल्करुपमा सेनेटरी प्याडको व्यवस्था लाई निरन्तरता दिईनेछ ।

७.जनता नमुना मा.वि. मनरी र आदर्श मा.वि. खोखरपुरालाई नमूना तथा व्यावसायिक अध्ययन अध्यापनको केन्द्रको रुपमा विकास गरिनेछ ।

८.गाउँपालिका भित्रका विद्यालयहरुमा अध्ययनरत उत्कृष्ट छात्राहरुलाई प्रोत्साहन स्वरुप छा त्रवृति उपलब्ध गराउने प्रयोजनको लागि उपाध्यक्ष छात्रा छात्रवृत्ति कार्यक्रम संचालनमा ल्याईनेछ ।

९. बाल विकास देखि कक्षा पाँचसम्म अध्ययन गर्ने बालवालिकाहरुको नियमितता तथा गुणस्तरीय सिकाईमा प्रोत्साहित गर्नको लागि स्वस्थ तथा गुणस्तरीय दिवा खाजाको व्यवस्था मिलाईनेछ । यसका लागि अनुगमन कार्यलाई प्रभावकारी बनाईनेछ ।

१०.राष्ट्रिय पाठ्यक्रम प्रारूपले तोकेबमोजिम निर्माण भएको **"हाम्रो सरावल"**स्थानीय पाठ्यक्रमलाई आगामी शैक्षिक सत्रदेखि कार्यान्वयनमा ल्याईने र स्थानीय आवश्यकता अनुरूप थप व्यवहारिक तथा जीवनोपयोगी एवम् समय सान्दर्भिक बनाउन आवश्यक व्यवस्था मिलाईनेछ ।

११.विद्यालयको नियमित अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी एवं व्यवस्थित बनाई कार्यसम्पादनमा उत्कृष्ट देखिएका विद्यालयहरुलाई प्रोत्साहित गर्ने नीतिलाईनिरन्तरतादिईनेछ ।

१२.**"विद्यार्थीलाई ईनाम , शिक्षकलाई सम्मान "** कार्यक्रममार्फत् कार्यसम्पादनमा उत्कृष्ट शिक्षकहरूलाई सम्मान गरी शिक्षण पेशालाई मर्यादित र सम्मानित बनाईनेछ । साथै कार्यसम्पादनमा कमजोर देखिएका विद्यालय तथा शिक्षकहरुलाई थप जिम्मेवार बनाउदै लगिनेछ ।

१३.शिक्षक, विद्यालय कर्मचारी र सामुदायिक सिकाई केन्द्रका परिचालिकाहरुलाई समयसापेक्ष बनाई तलबभत्ता तथा प्रोत्साहनको व्यवस्था मिलाईनेछ ।

१४.शिक्षामा पहुँच स्थापित गर्न र रोजगारीसँग शिक्षालाई जोड्न गाउँपालिका क्षेत्र भित्र स्नातक तहसम्मको अध्ययनलाई क्रमशः निःशुल्क बनाउँदै लगिनेछ । यसका लागि उच्च शिक्षामा अध्ययनरत दलित, विपन्न तथा जेहेन्दार विद्यार्थीहरुलाई अध्यक्ष शैक्षिक प्रोत्साहन कार्यक्रम अन्तर्गत सिकाई निरन्तरताको व्यवस्था मिलाईनेछ ।

१५.**"राष्ट्रको लागि खेलकुद , स्वास्थ्यको लागि खेलकुद** "भन्ने नारालाई विद्यालय तहदेखि नै कार्यान्वयनमा ल्याउन राष्ट्रपति रनिङ शिल्ड खेलकूद प्रतियोगितालाई थप व्यवस्थित गरि लगि नेछ ।

१६.लागू पदार्थको दुर्व्यसन, कुलत आदिबाट जोगाई खेलकुदका माध्यमवाट स्वस्थ नागरिक बनाउने उद्देश्य अनुरुप स्थानीय युवाहरुलाई खेलकुद प्रति प्रेरित गर्ने गरी "अध्यक्ष कप खेलकुदप्रतियोगिता संचालन गरिनेछ।

१७.**"नमूना युवा संसद "** को अभ्यासमार्फत् युवाहरुमा नेतृत्व विकास र सहभागिताको अवसर उपलब्धगराईनेछ ।

१८. युवा प्रतिभाको खोजी गरी प्रतिस्पर्धाबाट अब्बल ठहरिएका युवाहरुलाई प्रोत्साहित गरिनेछ ।

१९.सामुदायिक विद्यालयमा बाल विकास सुदृढीकरणको लागि सरावल गाउँपालिकाको शिक्षा ऐन संशोधन गरी विद्यार्थी संख्याका आधारमा बाल विकास कोटा/दरबन्दी सिर्जना गर्न आवश्यक गृहकार्य गरिनेछ ।

**स्वास्थ्य**

१.नवजात शिशु , बालबालिका,गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य हितका लागि सञ्चालित पोषण कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

२.विद्यालयहरूमा विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ । जस अन्तर्गत सम्बन्धित वडाको स्वास्थ्य चौकीबाट चौमासिक रूपमा कम्तिमा १ पटक सबै विद्यार्थीहरूको स्वास्थ्य परीक्षण गर्न स्वास्थ्यकर्मी खटाउने कार्यक्रम ल्याईनेछ ।

३.जेष्ठ नागरिकलाई लक्षित गरी निःशुल्क आँखा शिविर र महिलाको निःशुल्क पाठेघर परीक्षण शिविर संचालन गरिनेछ ।साथै कुष्ठरोग नियन्त्रणका लागि खोज पडताल अभियान संचालन गरिनेछ ।

४.सरावल गाउँपालिकाद्वारा संचालित बर्थिङ्ग सेन्टरमा सुत्केरी हुने महिलालाई निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिईनेछ । साथै स्वास्थ्य पोषणयुक्त सन्तुलित आहार, बच्चा र आमालाई न्यानो कपडा र पोषण भत्तालाई निरन्तरतादिईनेछ ।

५.महिला स्वास्थ्य स्वयंसेविका सेवालाई थप प्रभावकारी बनाउनहाल प्रदान गरिँदै आएको प्रोत्साहन भत्ताको अतिरिक्त कार्य सम्पादनमा आधारित थप रकमको व्यवस्था साथै अवकाश पाउने रकममा समेत वृद्धि गरिने छ साथै म.स्वा.से.को स्वास्थ्य बीमालाई निरन्तरता दिईनेछ ।

६.प्रत्येक विद्यालयहरुमा प्राथमिक उपचारका लागि आवश्यक औषधीको व्यवस्थालाई निरन्तरता दिईनेछ ।

७.कोभिड १९ महामारीको रोकथाम ,नियन्त्रण र उपचारला ई थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

८.वडा नं. २ र ७ मा संचालित प्रसुति र ल्याब सेवा संचालनलाई निरन्तरता दिं दै वडा नं. ६ मा प्रसुति सेवा बिस्तार गर्न आवश्यक पूर्वाधार तयार गरिनेछ ।

९.मातृमृत्यूदर,शिशु तथा बालमृत्यूदर,कुपोषण, वि भिन्न जीवाणु एवं विषाणुबाट लाग्ने रोगहरुको संख्यात्मक अवस्थाको आवश्यकताअनुसार आंकलन , तथ्याङ्क संकलन तथा विश्लेषण गरी सचेतनामूलक,प्रर्वद्धनात्मक र उपचारात्मक कार्यक्रम संचालन गरी स्वास्थ्य सेवा जनताको घरदैलोमा पुर्याशईनेछ।

१०.आयूर्वेदिक एवं वैकल्पिक स्वास्थ्य सेवाहरुमार्फत् नागरिकहरुमा व्यक्तिगत तथा सामुदायिक स्वास्थ्य सुधार गर्ने कार्यक्रम लागू गरिनेछ । साथै नसर्ने रोग व्यवस्थापन , योग, स्थानीय जडिबुटीको प्रयोग एवं संरक्षणको लागि आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

११.अति विपन्न परिवारलाईक्रमशः निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था गरिनेछ ।

१२.मापदण्ड अनुसार भवन नभएका स्वास्थ्य संस्थाहरुको मापदण्ड अनुसार भवन निर्माण गरिनेछ । यसै क्रममा यस आ.व.मा वडा नं. ३, ४ र ७ को स्वास्थ्य चौकी भवनलाई सम्पन्न गरिनेछ ।

१३.गाउँपालिका भित्रका सबै स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने खोप , सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायतका जनस्वास्थ्य सेवाहरु र उपचारात्मक रोगको लागि आवश्यक औषधी, उपकरण तथा स्वास्थ्य सामग्री र स्वास्थ्यकर्मीहरुको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

१४.खोप सुरक्षित मातृत्व, प्रजनन स्वास्थ्य, पोषणजस्ता जनस्वास्थ्यसँग सम्बन्धित आधारभूत सेवा सुविधाहरुलाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई परिचालन गरिनेछ ।

१५.सम्पूर्ण गाउँबासीलाई स्वास्थ्य बीमा कार्यक्रममा सहभागी हुन प्रोत्साहित गरिनेछ ।

१६.जटिल प्रकृतिका रोग लागेका बिरामीहरूलाई पोषण खर्च उपलब्ध गराउन आवश्यक बजेट व्यवस्था मिलाईनेछ।

१७.गर्भवती आमा तथा नवजात शिशुको मृत्युदर शुन्य पार्नकोलागि आमा सुरक्षा कार्यक्रम अन्तर्गत नियमित रूपमा स्वास्थ्य परीक्षण गराउनर सतप्रतिशत संस्थागत रूपमा सुत्केरी गराउन प्रोत्साहित गरिनेछ ।

१८.महिला दिदीबहिनीहरुको लागि पाठेघर तथा स्तन क्यान्सरको निःशुल्क रुपमा परीक्षणको व्यवस्था मिलाईनेछ ।

१९.गाउँपालिका भित्रका स्वास्थ्य संस्थाहरुमा आवश्यक फर्निचर तथा स्वास्थ्य उपकरणहरुकोव्यवस्था मिलाईनेछ साथै गाउँघर क्लिनिकलाई व्यवस्थित गर्दै लगिनेछ ।

२०.गाउँपालिकाभित्र रहेका सम्पूर्ण गर्भवती आमालाई गर्भावस्थामा कम्तिमा २ पटक निःशुल्क अल्ट्रासाउन्ड सेवा प्रदान गर्नको लागि मनरी स्वास्थ्य चौकीमा अल्ट्रासाउन्ड सेवा विस्तार गरिनेछ ।

२१.बालबालिकाहरु तथा किशोर किशोरीहरुको शारीरिक,मानसिक तथा प्रजनन स्वास्थ्य विकासको लागि पोषणसम्बन्धी विशेष कार्यक्रम संचालन गरिनेछ ।

२२.सार्वजनिक स्थलमा धूमपान, मद्यपान र सुर्ति सेवनलाई निषेध गरिनेछ ।

२३.सरावल -५, धनगडवामा १५ सैयाको अस्पताल निर्माणको थालनीको प्रक्रियालाई अगाडि बढाईनेछ ।

**रोजगारी,सामाजिक सुरक्षा तथा जेष्ठ नागरिक**

१.यस पालिका भित्रका क र ख वर्गका अपाङ्ग परिचयपत्र वाहक १०० जनालाई सामूदायिक स्वास्थ्य बीमा गरिनेछ ।

२.आवश्यकताको आधारमा अपाङ्ग सहायता सामग्री प्रदान गरिने कार्यलाई निरन्तरता दिईनेछ ।

३.मागमा आधारित सिपमुलक तालिम प्रदान गरि आत्मनिर्भर बनाउने नीति लिईनेछ ।

४.सामाजिक सुरक्षा भत्तालाई प्रभावकारी एवं नियमित बनाइनेछ ।

५.उमेर पुगेका जेष्ठ नागरिकलाई जेष्ठ नागरिक परिचय पत्र वडा-वडामा गई वितरण गरिनेछ ।

६.दलित अल्पसंख्यक, सीमान्तकृत र पिछडा वर्गलाई सामाजिक संरक्षण गरिनेछ ।

७.असक्त जेष्ठ नागरिकहरुलाई घरदैलोमा गई स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

८.शिक्षित बेरोजगार युवाहरुको लगत संकलन गरि श्रमबैंक मार्फत् पालिकाभित्र वा बाहिरका औद्योगिक प्रतिष्ठान तथा रोजगारदाताहरुको सहकार्यमा रोजगारीको सिर्जनाका लागि सहजीकरण गरिनेछ ।

९.युवाहरुलाई उपयुक्त सिप सिकाई स्वरोजगार हुन प्रोत्साहन गर्ने नीति लिईनेछ ।

१०.विदेशवाट फर्किएका युवाहरुले पालिकाभित्र व्यवसाय संचालन गर्न चाहेमा आवश्यक तालिम/सहजीकरण गर्नुका साथै व्यवसाय दर्ता शुल्कमा समेत विशेष सहुलियत प्रदान गरिनेछ ।

११.यस पालिकामा सूचीकृत भएका बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी प्रदान गरी सार्वजनिकपूर्वाधारको विकास निर्माण सँगै सामाजिक संरक्षणको प्रत्याभूति गराईनेछ ।

१२.यस स्थानीय तहले सञ्चालन गर्ने योजना तथा आयोजनाहरुमा आवश्यक श्रमिकहरु पूर्ति गर्दा रोजगारसेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरुलाई प्राथमिकता दिईनेछ ।

१३.गाउँपालिका तथा वडागत आयोजनाहरु प्रधानमन्त्री रोजगार कार्यक्रमसँग साझेदारी गरी सञ्चालनगरिनेछ ।

१४.वैदेशिक रोजगारमा जान चाहने व्यक्तिहरुलाई पूर्व प्रस्थान अभिमुखीकरण लगायतका अन्य वैदेशिकरोजगारसँग सम्बन्धित तालिमहरुको व्यवस्था गरिनेछ।

१५.विभिन्न तालिम प्रदायक संघसंस्था, शाखा कार्यालयहरु तथा वडा कार्यालयहरु मार्फत भएका तालिमहरुको तथ्यांक अद्यावधिक गर्ने तथा उक्त तालिमहरुबाट भए गरेका उपलब्धिहरुसँग सम्बन्धितस्वरोजगार तथा रोजगारीको चित्रण गरिनेछ ।

<u>खानेपानी तथा सरसफाई शाखा</u>

१.गाउँपालिका स्तरीय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति साथै वडा स्तरीय खानेपानी सरसफाई स्वच्छता समन्वय समितिहरुको काम, कर्तव्य र अधिकारलाई व्यवस्थित गरिदै लगिनेछ ।

२.सामुदायिक विद्यालयमा सरसफाई कार्यक्रमलाई प्रभावकारी बनाउन शिक्षक, विद्यार्थी तथा अभिभावकलाई सचेतना मूलक कार्यक्रम संचालन तथा सरसफाई सामग्री वितरणलाई निरन्तरता दिईनेछ ।

३.डुबानग्रस्त क्षेत्र सरावल ५ ,६ र ७ का प्रत्येक घरपरिवारलाई स्वच्छ खानेपानीको प्रबन्ध गर्न संघ तथा प्रदेश सरकारसँग पहल गरिनेछ।

४.सरसफाई सप्ताह मनाउदै टोल विकास संस्थाको अगुवाईमा टोलटोलमा सरसफाई अभियान सञ्चालन गरिनेछ साथै खानेपानी परीक्षण ल्याब स्थापना गरिनेछ ।

५.गाउँपालिका भित्र निर्माण भएका ओभरहेड टंकीवाट खानेपानी सेवा विस्तार गरिनेछ । यस कार्यक्रमका लागि सम्बन्धित खानेपानी उपभोक्ता समितिलाई परिचालन गरिनेछ ।

६.**"आफ्नो गाउँ आफै सफा गरौ"** भन्ने नारासहित सबै वडाहरुमा टोल विकास संस्थाको अगुवाईमा महिनामा एकपटक गाउँबासीहरु, जनप्रतिनिधिहरु र कर्मचारीहरु मिलेर वडा सरसफाई कार्यक्रम संचालन गरिनेछ ।

७.गाउँपालिकाको आवश्यक स्थानमा सार्वजनिक शौचालय निर्माण गरि पालिकाको सरसफाईको अवस्थामा सुधार ल्याईनेछ ।

**<u>लैङ्गिक समानता तथा समावेशीकरण</u>**

१.लैङ्गिक हिंसामा परेका, अपाङ्गता भएका व्यक्ति, असहाय बालबालिका र ज्येष्ठ नागरिकको संरक्षण रविकासका लागि बजेट विनियोजन गरी कार्यक्रम संचालन गरिनेछ ।

२.सामाजिक सुरक्षा भत्ता बैंकमार्फत वितरण गर्ने कार्यलाई थप व्यवस्थित बनाईने यस कार्यमा देखा परेका समस्याहरुलाई समन्वयात्मक रुपमा समाधान गर्दै सामाजिक सुरक्षा भत्ता बैंकमार्फत घरदैलोमा गई वितरण गरिने व्यवस्था मिलाईनेछ ।

३.राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग अन्तर्गत संचालित सामाजिक सुरक्षा तथा घटना दर्ता यथार्थ प्रणाली सुदृढीकरण आयोजनाबाट प्राप्त हुने अनुदानलाई परिचालन गरी व्यक्तिगत घटना दर्ता समय र प्रविधिमैत्री बनाई गाउँबासीलाई सहजता दिईनेछ ।

४.गाउँपालिकाको रोजगार सेवा केन्द्रमा सूचीकृत भएका बेरोजगारलाई न्यूनतम रोजगारी दिने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतकामको लागि पारि श्रमिकमा आधारित सामुदायिक आयोजनाहरु तथा युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना संचालन गरिनेछ ।

५.दलितहरुको सशक्तीकरणको लागि **"एक दलित घर एक रोजगार"** कार्यक्रम ल्याईनेछ ।

६.महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, दलित, आदिवासी जनजाति, मुस्लिम, अल्पसंख्यक आदिलाई सबैखालका विकास निर्माण प्रक्रियामा जोडिनेछ ।

७.जेष्ठ नागरिक तथा अपाङ्गता परिचयपत्र वितरण कार्यक्रमलाई थप सहजताका साथ निरन्तरता दिईनेछ ।

८.गाउँपालिका क्षेत्र भित्र जेष्ठ नागरिक दिवा सेवा केन्द्र निर्माण गरिनेछ ।

९.गाउँपालिकालाई बालमैत्री गाउँपालिका घोषणा गर्न आवश्यक पूर्वाधारको विकास गरिनेछ। साथै चालु आ.व.मा वडा नं. १ र आगामी आ.व.मा वडा नं. २ लाई बालमैत्री घोषणा गरिनेछ ।

१०.सडक बालबालिकाहरुलाई राहत , उद्धार, संरक्षण, पुनःस्थापना र पुनःर्मिलन गराउने जस्ता कार्यमाजोड दिईनेछ ।

११.एकल महिलाहरुका लागि आयमूलक, सीपमूलक, क्षमता वृद्धिका कार्यक्रमहरु संचालनगरिनेछ ।

१२.महिलाहिंसा, बाल हिंसा, चेलिबेटी बेचबिखन र लागू औषध दुर्व्यसन विरुद्ध जनचेतनामूलक कार्यक्रमहरु संचालन गरिनेछ ।

१३.पालिका भित्र सबै किसिमको बालश्रमलाई उन्मूलन गर्ने नीति लिईनेछ । इटाभट्टामा रहेका बालबालिकाहरुको पहिचान गरी औपचारिक तथा अनौपचारिक माध्यमबाट आधारभूत तहसम्मको शिक्षा सुनिश्चित गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

१४.पालिका भित्र रहेका बाल क्लब र बाल संजालको पुर्नगठन गरी सक्रिय तुल्याउनका साथै बालबालिकालाई उनीहरुसँग सम्बन्धित नीति नियम ऐन कानून तर्जुमा, सामाजिक कार्य, आदिमा सहभागी गराईनेछ ।

१५.बालबालिकाको भर्नादर शत प्रतिशत पुर्याउन भर्ना अभियान, दिवा खाजा, अतिरिक्त क्रियाकलाप, शिक्षक अभिभावक अन्तरक्रिया जस्ता क्रियाकलापमा जोड दिईनेछ । साथै विद्यालय छोड्ने दरलाई न्यूनिकरण गर्न आवश्यक कदम चालिनेछ ।

१६.जावा र तुलसीनगरमा रहेका बालउद्यानलाई थप व्यवस्थित एवं सुविधासम्पन्न बनाउँदै लगिनेर पालिकाका अन्य स्थानमा पनि बालउद्यानहरु स्थापना गरिनेछ ।

## पूर्वाधार विकास : सडक तथा पुल

१.चालु आर्थिक वर्षबाट गाउँपालिकाका गौरवका योजनाको रूपमा सुरुआत गरिएको सडक कालोपत्रे गर्ने कार्यलाई आगामी आर्थिक वर्षमा पनि निरन्तरता दिईनेछ ।

२.पूर्वाधार विकासको कार्यलाई व्यवस्थित गर्न आगामी वर्ष स ञ्चालन गरिने संभावित ठुला आयोजनाहरूको परियोजना बैंक तयार गरि क्रमशः कार्यान्वयन गरिनेछ ।

३.अत्यावश्यक सडक मर्मत कार्यको लागि नयाँ योजनाको कम्तिमा १० प्रतिशत रकम कार्यक्रम बनाई बजेट विनियोजन गरिनेछ।

४. बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ को दफा १३.१३ मा भएको व्यवस्था अनुरुप यस वर्ष देखि कम्तिमा २० फूटभन्दा कम चौडाईका सडकमा बजेट विनियोजन गरिने छैन ।साथै सबै सरोकारवालाहरुलाई नयाँ सडकको राइट अफ वे कम्तिमा ६ मिटर र पुरानो सडकको कम्तिमा ४ मिटर कायम गरी योजना कार्यान्वयन गर्न निर्देशन गरिनेछ ।

५.नेपाल सरकारको समपूरक अनुदान बाट संचालित हुने आयोजनाहरु सडकबोर्ड नेपालसंगको साझेदारीमा हुने निर्माण तथा मर्मत कार्यको लागि म्याचिङफण्डको व्यवस्था गरिनेछ ।

६.देवीनगर-पटखौली-मनरी-सरावल-गोवरहिया-भुजहवा सडक निर्माणलाई यसै वर्ष सम्पन्न गरिनेछ । साथै तुलसीनगर पथरहिया सडकलाई यसै वर्ष सम्पन्न गर्न आवश्यक व्यवस्था गरिनेछ ।

७.सार्वजनिक बजेटबाट निर्माण हुने सार्वजनिक पाटी, पौवा, पोखरी आदी व्यक्तिगत जग्गामा बनाउन पाईने छैन । व्यक्तिगत जग्गामा यस प्रकारका निर्माण कार्यका लागि बजेट विनियोजन गरिने छैन । तर सार्वजनिक प्रयोजनको लागि कसैले नीजि जग्गा दान गर्न चाहेमा उचित सम्मान गरिनेछ ।

८.सार्वजनिक पोखरी, तलाउ आदि जलाशय पुरेर सार्वजनिक संरचना निर्माण गर्न दिइने छैन । त्यस्ता जलाशयको संरक्षण हुने गरी मात्र संरचना बनाउन पाईने पक्षलाई व्यवस्थापन गरिनेछ ।

९.सार्वजनिक कुलो, पैनी, पोखरी, नहर पुरेर नयाँ सड्क निर्माण गर्ने प्रवृतिलाई निरुत्साहन गरिने छ । साथै त्यस्ता सार्वजनिक सम्पत्तिको अतिक्रमण गर्ने व्यक्ति तथा संस्थालाई कारवाहीको दायरामा ल्याईनेछ ।

**<u>सिँचाई</u>**

१.गाउँपालिकाका सबै खेती योग्य जमिनमा सिंचाई सुविधा पु र्याउन स्यालो ट्युवेल, बोरिङ जडान, तथा विद्युतीय मोटर लगायत आवश्यक व्यवस्था मिलाई नेछ साथै सिंचाई कुलोहरुको समय समयमानै मर्मत संभारको व्यवस्था मिलाईनेछ ।

२.सिंचित क्षेत्र विस्तार गरि क्रमशः वडा नं. १ देखि ७ सम्म पूर्ण सिंचाईयुक्त वडा घोषणा गरि पालिकालाई कृषिजन्य उत्पादनमा आत्मनिर्भर बनाउँदै लगिनेछ ।

**<u>भवन तथा शहरी विकास</u>**

१.गाउँपालिकाको आफ्नै प्रशासकीय भवन निर्माण कार्यलाई सुरुवात गर्न आवश्यक बजेटको व्यवस्था गरिनेछ।

२.वडा कार्यालयहरुलाई आफ्नै भवनबाट कार्यस ञ्चालन गर्नका लागि आवश्यक स्रोत निर्माण तथाप्रबन्ध मिलाईनेछ । यसै वर्ष वडा नं. ६ र ७ मा नयाँ वडा कार्यालय भवन निर्माण सुरुवात गरिनेछ ।

३.सुरक्षित बसोबास सुनिश्चित गर्नकोलागि **खरको छाना मुक्त** गाउँपालिका बनाउने कार्यलाई निरन्तरता दिईनेछ र विपन्न आवास कार्यक्रम संचालन गरिनेछ । साथै सुरक्षित आवास कार्यक्रम अन्तर्गत पहिलो किस्ता पेश्की लगेर काम सम्पन्न नगर्ने घरधनीलाई गाउँपालिकाबाट प्राप्त हुने सेवा सुविधाबाट वन्चित गरिनेछ ।

४.गाउँपालिका क्षेत्रभित्र रहेका ऐलानी , पर्ति र सार्वजनिक जमिनको खोजी गरी त्यस्ता जमिनको लगत तयार पार्ने, रेखाङ्कनगर्ने र संरक्षण गर्ने कार्यको प्रारम्भ गरिनेछ ।

५.गाउँपालिकाका सबै वडा केन्द्रहरूसम्म क्रमशः कालोपत्रे सडक निर्माण गरिनेछ । साथै दुई पालिका जोड्ने सड्कहरु कालोपत्रे गर्न पहल गरिनेछ ।

६.गाउँपालिका भित्रका सबै बाटो/पथ को नामाकरण गरी वैज्ञानिक घर नम्बर वितरण गर्ने कार्यकोप्रारम्भ गरिनेछ ।

७. गाउँपालिका भित्र अब बन्ने नयाँ भवनको नक्सा पास गरी निर्माण कार्य सुरु गर्न स्थानीय बासीलाई भवन निर्माण मापदण्ड र भवन निर्माण संहिताको अभिमुखीकरण गरिनेछ ।

८.बाढी नियन्त्रणका लागि धनेवा नदी सरसफाई गरी दुवै तर्फ कृषि सडक निर्माण ,माछापालनतथा पर्यटन प्रवर्द्धनका लागि ढुंगा संचालनको पहल गरिनेछ ।

९.वडा नं. ४ स्थित अतिक्रमित हुलासी खोलाको अतिक्रमण हटाई बहु-उपयोगिताको लागि DPR बमोजिम कार्य अगाडि बढाईनेछ ।

१०.नेपाल सरकार मार्फत् भारतका सम्बन्धित अधिकारीसँग नेपाल भारत दुवै तर्फका नदी सरसफाई गर्न आवश्यक पहल गरिनेछ ।

११.उपभोक्ता हक अधिकार संरक्षणका लागि उपभोक्ता सचेतना कार्यक्रम वस्तु तथा सेवाको मुल्य गुणस्तर तथा शुद्धताको लागि नियमित बजार अनुगमन गरिनेछ ।

१२.उपभोक्ता हित संरक्षण मञ्च गठन गरी संस्थागत विकास उपभोक्ता अधिकार संरक्षणका लागि क्रियाशिल बनाई उपभोक्ता नठगिने वातावरण बनाईनेछ ।

**उर्जा**

१.गाउँपालिकाका मुख्य -मुख्य सडकहरुमा गाउँपालिका र उपभोक्ताको लागत सहभागितामा सौर्यबत्ति जडान गर्ने कार्यलाई प्रारम्भ गरिनेछ ।

२.गोबरग्याँसमा निश्चित प्रतिशत अनुदान उपलब्ध गराईनेछ साथै गाउँपालिका भित्रका विद्युत प्रसारणलाई व्यवस्थित र भरपर्दो बनाउन पुराना र होचा विद्युत पोलहरू क्रमशः विस्थापित गरिनेछ ।

३.विद्युत नपुगेको स्थानमा विद्युत पुर्याउने , कृषि विद्युतीकरण गर्ने एवं विद्युतको कम भोल्टेजको समस्या निराकरण गर्न नेपाल विद्युत प्राधिकरणको समन्वयमा आवश्यक कदम चालिनेछ ।

**सञ्चार**

१.गाउँपालिकाको हाल सञ्चालनमा रहेको आफ्नै मोबाईल एप लाईसमयसापेक्ष परिमार्जन गरी गाउँपालिकाबाट उपलब्ध हुने सेवासुविधाको बारेमा सरोकारवाला सबैलाई जानकारी गराईनेछ ।

२.गाउँपालिकाको  निश्चित स्थानबाट निःशुल्क वाईफाईको सुरुवातका लागि आवश्यक प्र      बन्ध मिलाईनेछ।

३.पालिकाभित्र नेपाल टेलिकमको नेटवर्क नलाग्ने समस्यालाई निराकरण गर्न आवश्यक यन्त्र उपकरण थप गर्नुका साथै क्षमता विस्तारका लागि नेपाल टेलिकमसँग समन्वय गरिनेछ ।

**वन, वातावरण तथा विपद् व्यवस्थापन**

**वन तथा भू-संरक्षण**

१.गाउपालिका क्षेत्रका वनको उचित संरक्षण गर्दै खुला, पर्ती सरकारी जमिनमा फलफूलकाबिरुवा वृक्षारोपण अभियानकै रूपमा सञ्चालन गरिनेछ । वन विनाश प्रति सजग र सचेत गराउँदै  वनको संरक्षण विकास र प्रयोगमा आम गाउँबासीको सहभागिता वृद्धि गरिनेछ ।

२.प्राकृतिक सम्पदाको अनाधिकृत तथा अवाञ्छित दोहन हुन नदिन विभिन्न कार्यक्रम संचालन गरिनेछ । नदीजन्य पदार्थ उत्खनन् र ठुलो योजनामा प्रारम्भिक वातावरणीय अध्ययन/परीक्षण र वातावरणिय प्रभाव मूल्याङकन गरिनेछ ।

३.खाली सार्वजनिक जग्गामा वृक्षारोपण कार्यक्रम संचालन गरिनेछ । साथै नीजि जग्गामा वृक्षारोपण गर्न चाहने व्यक्तिलाई प्रोत्साहन गर्न बिरुवा खरिदमा अनुदान उपलब्ध गराईनेछ ।

४.स्थानीय समुदायसंगको सहकार्यमा नदी, खोला, घोला, कुलो र नाला सफाई गरिनेछ ।

५.सिमसार, बाँध, तालतलैया, नदीको संरक्षण, मर्मत तथा तटबन्ध गर्ने कार्यक्रम तय गरिनेछ। जसबाट पानी संचय भई पर्यावरणीय संरक्षण सहित सिंचाई व्यवस्था मिलाईनेछ ।

६.सार्वजनिक जग्गा संरक्षण गर्न स्थानीय समुदायलाई प्रोत्साहन एवं परिचालन गरिनेछ , त्यस्ता जग्गा तारबार गरी सार्वजनिक रूपमा उपयोगमा ल्याइनेछ ।

७.पूर्ववत रुपमा संचालित गिद्ध संरक्षण अभियानलाई निरन्तरता  दिईने छ । यस्तै वडा नं. ७ मा ठुलो चमेरो (गादुल) पाईने क्षेत्र संरक्षणमा विशेष कार्यक्रम ल्याईनेछ ।

८.विभिन्न लोपोन्मुख तथा संकटापन्न जीवजन्तु [ **जस्तै गिद्ध र चमेरो (गादुल)]** को अनुसन्धान कार्यलाई प्रोत्साहन गर्न अनुसन्धान सोधवृत्ति-अनुदानको व्यवस्था मिलाईनेछ ।

९.गाउँपालिकाको भू-संरक्षण सम्बन्धमा आवश्यक नीति बनाई लागू गरिने छ ।

१०.सरावल गाउँपालिका भित्र रहेका सरकारी तथा सार्वजनिक जग्गाको संरक्षणमा जोड दिईनेछ ।

<u>वातावरण संरक्षण</u>

१.सरावल गाउँपालिकालाई प्रदुषणरहित ग्रीन सिटी -क्लिन सिटी बनाउन वातावरणमैत्री हाते झोला निर्माण तथा बिक्री वितरणमा सहजीकरण गर्न तालिमको व्यवस्था मिलाईनेछ ।

२.गाउँपालिकाको कम्तिमा एक वडालाई नमूनाको रूपमा प्लाष्टिक झोलामुक्त वडा बनाउनको लागि प्रोत्साहन गरिनेछ ।

३.स्वच्छ वातावरण , स्वच्छ जीवन भन्ने नारालाई व्यवहारमा कार्यान्वयन गर्ने वातावरण संरक्षणमाजोड दिईनेछ ।

४.नदीजन्य पदार्थको उत्खननको लागि गाउँपालिका भित्रका सबै नदीहरुको वातावरणीय प्रभाव मूल्याङ्कन गराउन आवश्यक पर्ने बजेटको व्यवस्था गरिनेछ ।

५.सडक, नाला, सार्वजनिक र खुला स्थानमा फोहोर फाल्नेलाई कारवाही गर्ने नीति अवलम्वन गरिनेछ ।

<u>फोहोरमैला व्यवस्थापन</u>

१.फोहोरमैला व्यवस्थापनको नीतिगत व्यवस्थाको लागि आवश्यक कानून तथा कार्यविधि निर्माण गरिनेछ ।पालिकाले उपयुक्त स्थानमा डम्पिङ साईट पहिचान गरी निर्माण गर्न वा अन्य छिमेकी पालिकासँगको साझेदारीमा व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाईनेछ ।

२.संकलित फोहोरमैलालाई विसर्जन स्थलसम्म लैजानको लागि आवश्यक साधन र स्रोतको व्यवस्थागरिनेछ।

३.**“Polluter’s must Pay”** भन्ने नाराका साथ यस वर्षदेखि फोहोरमैला संकलन शुल्क लिएर फोहोरमैला व्यवस्थापन गरिनेछ ।

४.फोहोरको उत्पादन स्रोतमा नै वर्गीकरण गरी व्यवस्थापन र **"फोहरबाट मोहर"** भन्ने नारासहित गाउँपालिका क्षेत्रमा उत्पादन भएको फोहोरमैलाको प्रशोधनबाटजैविक मल तथा ऊर्जा उत्पादन गर्न सार्वजनिक निजी साझेदारी कार्यक्रम अगाडि बढाईनेछ।

५.गाउँबासीमा सरसफाईसम्बन्धी चेतना विकास गरी फोहोरमैलाको उचित व्यवस्थापनको लागि उत्पादकलाई नै पहिलो जिम्मेवार बनाईनेछ र त्यसका लागि सरसफाई व्यवस्थापनको नियमित र निरन्तर अनुगमन तथा नियमन कार्यमा तिव्रता दिईनेछ ।

**जल उत्पन्न प्रकोप नियन्त्रण**

- वडा नं. ५, ६ र ७ मा बर्सेनि हुने डुबानको समस्यालाई समाधान गर्न आवश्यक अध्ययन अनुसन्धान एवं निर्माण कार्यलाई अगाडि बढाईनेछ । साथै आवश्यक स्थानमा तटबन्धको निर्माण गरि खोला किनारामा रहेको खाली जमिन (नदी बगर) को सदुपयोग गर्नकोलागि माछापालन, तरकारी खेती र बालुवा खेतीलाई प्रोत्साहन गरिनेछ ।

**विपद् व्यवस्थापन**

१.गाउँपालिका क्षेत्र भित्र हुनसक्ने प्राकृतिक तथा गैर -प्राकृतिक विपदबाट पर्न सक्ने धनजनको क्षति न्यूनीकरणको लागि समयमानै योजना पूर्वतयारी र नागरिक सचेतनाका लागि विपद् जोखिम न्यूनीकरणसम्बन्धी नीति बनाई कार्यान्वयनमा ल्याईनेछ ।

२.विपद्को रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी , प्रतिकार्य र पुनर्लाभ कार्यक्रम संचालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्था मिलाईनेछ ।

३.विपद् जोखिम संवेदनशील भौतिक निर्माण तथा पूर्वाधार विकासका क्रियाकलापहरु मात्रस ञ्चालन गरिनेछ ।

४.विपद्को समयमा खोज तथा उद्धारको लागि आवश्यक पर्ने सामाग्रीहरु खरिद र भण्डारण गर्नकोलागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

५.गाउँपालिकाका सबै वडाहरुमा युवा क्लवको गठन गरी विपद् व्यवस्थापन तथा स्वयंसेवकीय कार्य र सामाजिक जागरण कार्यमा यूवा परिचालन गरिनेछ ।

६.सरावल गाउँपालिकामा रहेको आकस्मिक विपद् व्यवस्थापन कोषको रकमलाई वृद्धि गरिनेछ ।

७.स्थानीय विपद् व्यवस्थापन समितिमार्फत् विपद् पूर्व-तयारी तथा प्रतिकार्य योजना र जोखिम न्युनिकरण तयारीको कार्य गरिनेछ । विपद् न्यूनीकरणका लागि पूर्व-सूचना प्रणाली स्थापनाका लागि प्रक्रिया अगाडि बढाईनेछ । विपदबाट हुनसक्ने क्षतिलाई न्यूनिकरण गर्न आवश्यक कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ । विपत्तिमा परेका नागरिकलाई राहत उद्धारमा वडास्तरका विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाईनेछ । समितिका सदस्यको क्षमता अभिवृद्धिका लागि तालिम प्रदान गरिनेछ ।

८.यस गाउपालिकामा रहेको भलुही, झरही, धनेवा खोला तथा कुलो नहरहरु सफाई गरी डुबानको समस्यालाई समाधान गर्न पहल गरिनेछ ।

**<u>सुशासन तथा संस्थागत विकास</u>**

- गाउँपालिकाको जनशक्तिलाई चुस्तदूरुस्त बनाई छिटो -छरितो रुपमा जनउत्तरदायी सेवा प्रवाह गर्नको लागि देहायअनुसारका कार्यहरु गरिनेछ ।
- सरावल गाउँपालिकामा रहेका सुकुम्बासी तथा अव्यवस्थित बसोबासको लगत संकलन गरी अद्यावधिकलाई विशेष जोड दिईनेछ ।
- गाउँपालिकामा जग्गा नापजाँच कार्यलाई थप सरल बनाईनेछ ।
- भू-उपयोग नियमावली २०७९ अनुसार जग्गा वर्गीकरण कार्यलाई अगाडि बढाईनेछ ।

**<u>मानव संशाधन विकास</u>**

१.स्वीकृत दरवन्दी भित्र लोकसेवा आयोगबाट स्थायी पदपूर्तिहुन नसकेको अत्यावश्यक पदहरूमा मात्र स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम करारमा कर्मचारीहरु नियुक्त गरिनेछ ।

२.कर्मचारीको कार्यक्षमतामा सुधार र सेवा प्रवाहको प्रभावकारिताका लागि समसामयिक तालिम र उचित प्रोत्साहनको व्यवस्था मिलाईनेछ ।

३.जनप्रतिनिधि, कर्मचारी, शिक्षक, विद्यार्थी एवम् गाउँपालिकाबासीमासमेत जीवन व्यवस्थापन कला, काम तथा जीवन बीचको सन्तुलन एवं सदाचारयुक्त स्वस्थ जीवनयापनलाई लक्षित गरी योग ध्यान,तनाव व्यवस्थापन तथा सकारात्मक सोंच सम्बन्धी कार्यक्रम सन्चालन गरिनेछ ।

४.प्रत्येक कर्मचारीको कार्यविवरण तयार गरी कार्यसम्पादन सम्झौतासँग आवद्ध गरी कार्यसम्पादनमा आधारित वृत्ति प्रणाली लागू गरिनेछ ।

५.कर्मचारीको क्षमता अभिवृद्धि गर्न सफल एवं असल अभ्यास अनुशरण गरेका स्थानीय तहको भ्रमण तथा सिकाई आदानप्रदान गर्न कार्यक्रम संचालन गरिनेछ ।

६.कर्मचारीहरूलाई कार्यसम्पादनका आधारमा पुरस्कार र दण्डसँग जोडी सेवाग्राही प्रति थप जवाफदेही र जिम्मेवार बनाईने नीति लिईनेछ ।

७.आगामी आ.व.२०८०/०८१ देखी उत्कृष्ट कार्यसम्पादन गर्ने २ जना कर्मचारीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाईनेछ । सो सम्बन्धी आवश्यक कार्यविधि जारी गरी लागू गरिनेछ ।

**<u>संस्थागत क्षमता विकास</u>**

१.गाउँपालिकाको कार्यालय, वडाकार्यालय तथा विषय गतशाखा तथा एकाईहरुको सेवा प्रवाहलाई सूचना प्रविधिमैत्री बनाई विद्युतीय शासन प्रणालीको विकास गरिनेछ ।

२.गाउँपालिका भित्रका सबै वडा कार्यालय, स्वास्थ्य चौकी, सामुदायिक विद्यालयमा ईन्टरनेटको सहज उपलब्धतामार्फत् सेवा प्रवाहलाई छिटो छरितो र प्रविधियुक्त बनाईनेछ ।

३.सूचनामा गाउँपालिकाबासीकोसहज पहुँच वृद्धिका लागि गाउँपालिकाको वेभसाईट तथा डिजिटल प्रोफाईललाई अद्यावधिक गरी सबैको पहुँचमा पुर्याई सेवा प्रवाहमा सक्षमता ल्याईनेछ ।

**<u>सामाजिक न्याय</u>**

१.मेलमिलाप कक्ष संचालन तथा व्यवस्थापन गर्न , न्यायिक समिति तथा न्याय सम्पादन कार्यमा संलग्न कर्मचारीहरुलाई क्षमता विकास गर्न आवश्यक पुनर्ताजगी तालिम संचालन गरिनेछ ।

२.छिटो-छरितो न्याय सम्पादन गर्न गराउन मेलमिलापकर्ता , न्यायिक समिति तथा न्याय सम्पादन कार्यमा संलग्न कर्मचारीहरुको मनोवल उच्च राख्न आवश्यक प्रोत्साहनको व्यवस्था गरिनेछ ।

३.न्याय सम्पादन सम्बन्धि नतिजा सुधार गर्न मासिक त्रैमासिक, अर्धवार्षिक तथा वार्षिक समिक्षा साथै सो सम्बन्धमा देखा परेका गुनासाहरु सम्बोधन गर्ने र न्याय सम्पादनलाई चुस्त दुरुस्त बनाउन न्यायिक समिति मेलमिलापकर्ता र सरोकारवालाहरुबीचमा समय-समयमा अन्तरक्रिया गरिनेछ ।

४. **"कानून सबैले जानुन"** भन्ने उद्देश्यले आम नागरिकलाई न्यायमा पहुँच स्थापित गरिनेछ ।

**<u>राजश्व परिचालन</u>**

१.**"कर तिर्नु कर्तव्य मात्र होईन गौरव पनि हो** " भन्ने सोंच विकास गर्ने स्वयं कर निर्धारण पद्धतिमार्फत करदातालाई नै पहिलो कर प्र माणको रूपमा लिने गरी करसम्बन्धी कानूनी व्यवस्था गरिनेछ । साथै नियमित र सबै भन्दा बढी कर तिर्ने करदातालाई सम्मान गरिनेछ ।

२.गाउँपालिकामा राजश्वएकाईलाई व्यवस्थित गरी आगामी वर्षदेखी अनलाईन कर तिर्ने व्यवस्थापन मिलाईनेछ । साथै राजश्व संकलनमा तालिम प्राप्त कर्मचारी र सूचना प्रविधिको माध्यमबाट राज श्व संकलन क्षेत्रको विकास र बिस्तारमार्फत् प्रभावकारिता ल्याईनेछ ।

३. करको दर र दायरालाई यथार्थपरक बनाई पालिकाको आन्तरिक आयलाई थप सुदृढ गरिनेछ ।

४.विश्वव्यापी आर्थिक मन्दी, कोभिड महामारीपछिको प्रभावका कारण कर तथा गैरकर राज श्वमा पर्नगएको असरलाई आँकलन गरी आन्तरिक आय अनुमानलाई सकेसम्म यथार्थपरक बनाईनेछ ।

५.**"कर तिरौं विकासमा सहभागी बनौ"** भन्ने नारालाई आत्मसात् गर्दै स्थानीय उद्योगी व्यवसायीको सहभागितामा व्यवसाय दर्ता तथा कर सप्ताह अभियान संचालन गरिनेछ ।

**<u>वित्तीय व्यवस्था</u>**

१.सेवा प्रवाहको लागि आवश्यक न्यूनतम प्रशासनिक खर्चको लागि बजेट विनियोजन गरी प्रशासनिक संरचना र कार्यलाई मितव्ययी बनाउन अनुत्पादक खर्चमा कटौती गरिनेछ ।

२.आर्थिक कार्यप्रणालीलाई चुस्त र दुरुस्त बनाई प्रविधिको प्रयोग तथा आन्तरिक नियन्त्रण प्रणालीबाटवित्तीय सुशासन कायम गरिनेछ ।

३.वित्तीय पारदर्शिताको लागि मासिक आय र खर्चको विवरण कार्यालयको वेभसाईटमार्फत् सार्वजनिकीकरण गरिनेछ ।

**सार्वजनिक सुनुवाई**

१.गाउँपालिकाको सेवा प्रवाह तथा विकास निर्माणमा गाउँपालिकाबासीको अपनत्व र स्वामित्वसहित नागरिक निगरानी तथा जानकारीका लागि **चौमासिक रुपमा वडास्तरीय** र पालिकास्तरीय सार्वजनिक सुनुवाईको आयोजना गरिनेछ ।

२.गाउँपालिकाले उपभोक्ता समितिमार्फत सञ्चालन गरेका विकास निर्माणका कामहरुको भुक्तानी -पूर्वसार्वजनिक सुनुवाई गराउनुपर्ने व्यवस्थालाई थप प्रभावकारी र अनिवार्य गरिनेछ ।

**सामाजिक परीक्षण**

गाउँपालिकाले गरेका विकास निर्माणका कामहरुको वार्षिक रुपमा सामाजिक परीक्षण गराउने व्यवस्था मिलाईनेछ ।

**लेखापरीक्षण**

१.गाउँपालिकाको आन्तरिक लेखापरीक्षण शाखालाई क्रियाशील र स क्षम जनशक्तिको क्षमता विकास गरी आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी बनाई अन्तिम लेखापरीक्षण -पूर्व सम्पन्न गरिने व्यवस्था मिलाईनेछ ।

२.गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाउन आन्तरिक नियन्त्रण निर्देशिका बनाई कार्यान्वयनमा ल्याईनेछ ।

**बेरुजु फछ्यौंट**

विगत वर्षहरुका अन्तिम लेखापरीक्षणबाट ल्याईएका बेरुजु रकमहरुलाई फर्छ्यौट गर्ने व्यवस्था मिलाई आगामी दिनहरुमा शून्य बेरुजु कायम गर्नेतर्फ विशेष ध्यान दिईनेछ ।

**सेवा प्रवाह मापदण्ड निर्धारण**

१.गाउँपालिकाबाट हुने सेवा प्रवाहका बारेमा जानकारी गराउने उद्देश्यले विद्युतीय नागरिक बडापत्र राखी सेवाग्राहीलाई सहज तथा सेवा प्रवाहलाई छिटो र छरितो बनाईनेछ ।

२.गाउँपालिकाको सेवा प्रवाह मापदण्डलाई कडाईका साथ पालना गरिनेछ ।

**नागरिक सन्तुष्टि सर्वेक्षण**

१.गाउँपालिकाले उपलब्ध गराउने सेवाको सम्बन्धमा सन्तुष्टिको अवस्था मापन गरी नागरिक सन्तुष्टि सर्वेक्षणवाट प्राप्त नतिजाको आधारमा सेवा प्रवाहमा सुधार ल्याउने व्यवस्था मिलाईनेछ ।

२.प्रत्येक वडा कार्यालय , स्वास्थ्य चौकी ,गाउँपालिका कार्यालयमा उजुरी पेटिका राख्ने तथा अनलाईन मार्फत् समेत गुनासो संकलनको लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

**अन्तर निकाय समन्वय**

१.गाउँपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका कार्यहरु गर्दा सङ्घीय सरकार , प्रदेश सरकार, अन्य पालिका तथा निकायहरुसँग आवश्यक समन्वय गरी संस्थागत सुशासन कायम गर्न , सेवा प्रवाहमा प्रभावकारिता र सरलता विकास गर्ने नीतिकार्यान्वयन गरिनेछ ।

२.पालिका एक्लैले सञ्चालन गर्न कठिनाई हुने आवश्यक सेवाहरु जस्तै दमकल सञ्चालन, डम्पिङ साईट निर्माण तथा सञ्चालन, कोल्ड स्टोर, अस्पताल, अन्तरपालिका सडक सञ्जाल निर्माण लगायतका अन्य ठूला परियोजनाहरु निर्माण तथा सञ्चालनमा अन्य छिमेकी पालिकाहरुसँग सहकार्य तथा समन्वय गरिनेछ ।

३.नियमित रुपमा अन्तरपालिका बैठक बस्ने व्यवस्था मिलाईनेछ ।

**आदरणीय महानुभावहरू**

प्रस्तुत नीति तथा कार्यक्रम रुस र युक्रेन युद्ध, विश्वव्यापी आर्थिक मन्दी तथा कोभिड १९महामारीपछिको जटिल परिप्रेक्ष्यमा प्रस्तुत भएको छ । यसबाट सामाजिक आर्थिक जीवनमा पर्ने असर न्यूनीकरण गर्न गाउँपालिका सदैव प्रति वद्ध रहेको कुरा म यस अवसरमा व्यक्त गर्न चाहन्छु ।

**अन्त्यमा,**

वार्षिक नीति तथा कार्यक्रम तर्जुमाको महत्त्वलाई यसको कार्यान्वयनले मात्र सार्थकता दिन्छ । हामीले तर्जुमा गरेका नीति तथा कार्यक्रमहरू सम्पादन गर्न हाम्रो सहकार्य , साझेदारी तथा रचनात्मक सहयोगको आवश्यकता पर्दछ । अतः यस अवसरमा सरावल गाउँपालिकाको विकासमा

प्रभावकारी भूमिका खेल्न सरकारी निकायहरू, निजी क्षेत्र, गैर सरकारी संघ संस्थाहरू, टोल विकास संस्थाहरु, युवा क्लबहरूतथा अन्य सम्पूर्ण सरोकारवालाहरूलाई यसै मन्चबाट यसको प्रभावकारी कार्यान्वयनका लागि हार्दिक अनुरोध गर्न चाहन्छु ।

यस गाउँ सभामा उपस्थित भ ई धैर्यताकासाथ हामीलाई साथ दिनुभएकोमा उपस्थित सम्पूर्ण महानुभावहरुमा कृतज्ञता ज्ञापन गर्दै बिदा हुन चाहन्छु, धन्यवाद ।।।

मितिः- २०८० असार १० गते

## १.१४ कार्यक्रमगत भौतिक वित्तीय प्रगति तथा उपलब्धी

## उपलव्धि मुलक कार्यहरु

- ✓ जनप्रतिनिधी, पालिका प्रमुख, उपप्रमुख, कर्मचारी, क्रियाशिल राजनैतीक दलहरु, बिषयगत समिति, शाखाहरु र नागरीक समाज बीच सहकार्य र समन्वय हुने गरेको।
- ✓ सरावल गाउँपालिकाको आन्तरिक राजश्व बृद्धी गर्ने तर्फ प्रयासरत रहेको।
- ✓ सबै वडामा कच्ची बाटोहरुमा ग्राभेल भएको , ग्राभेलमा उच्च गुणस्तरीय ग्राभेल र उच्च स्तरीय भएको ग्राभेल भएको बाटोमा कालो पत्रे भएको।
- ✓ विद्यालयमा दिवा खाजा कार्यक्रम संचालन भई प्रा.वि तहका विद्यार्थी टिकाउने कार्य भएको छ।
- ✓ सरावलगाउँपालिकाले आदीवासी तथा जनजाती , दलित वर्ग, मधेसी, मुस्लीम, पिछडा वर्ग, जेष्ठ नागरीक सरोकार समुह, महिला तथा बाल समुह सञ्चालाई बजेट तर्जुमा पुर्णत जिम्मेवार बनाएको छ।

- ✓ निमार्ण कम्पनी, उपझोक्ता समिति मार्फत विकास निमार्णको कार्य भएको देखिएको छ।
- ✓ सरोवालाहरुको समन्वयमा काम भएको आलोचना कम भएको।
- ✓ यस आ. व. २०८०/८१ मा विषयगत शाखाहरुसंग अन्तर सम्बन्ध राम्रो भएको।
- ✓ कृषक समुह तथा कृषि फर्म दर्ता लाई निरन्तर गरिएको।
- ✓ कोभिड –१९ भाइरसको कारणले प्रभावित वीउ उत्पादक कृषक समुह र विदेशवाट फ र्किएर रोजगार गुमेका व्यक्तीहरुलाई साना कृषि औजार अनुदानमा वितरण कार्य सफल भएको।
- ✓ कृषकको समस्या समाधानका लागि कृषकको खेतवारीमै प्राविधिक गई समाधान गर्ने कार्य गरेको।
- ✓ कृषि सम्बन्धी सुचना तथा नविनतम प्रविधिहरु कृषि शाखा फेसबुक मार्फत प्रसारण गरी कृषकहरुलाई घरमै बसि बसि बिभिन्न सुचना तथा कृषि प्रविधिहरु बारे जानकारी लिन सक्ने ब्यबस्था मिलाईएको।
- ✓ जवाफदेहिताका कारणले कार्यपालिका सदस्यहरु बीच राम्रो सम्बन्ध रहेको पाईयो।
- ✓ वडाहरुमा उपभोक्ता समुह सक्रिय भएकोले काम गुणस्तर युक्त भएको पाइयो।
- ✓ खानेपानी तथा सरसफाई , महिला हिंसा बिरुद्धका अभियानहरु , र विकासमा महिला सहभागिता अभिबृद्धीका लागि सरोकारवालाहरुको भुमिका प्रभावकारी देखिएको छ।
- ✓ सरावलगाउँपालिकाले विकास तथा अन्य कार्यहरु सञ्चालन गर्दा संघीय ऐन , स्थानीय ऐन, कानून, नियमावलीको अधिनमा रहि कार्य गरेको पाइयो।
- ✓ कार्यक्रम बजेट समयमै पारित गरी प्राथमिकताका तथा कार्ययोजना अनुसार कार्वान्वयन गरेको देखियो।

## १.१५सामाजिक परिक्षणबाट देखिएका चुनौती तथा कमि कमजोरीहरु

- ✓ जनप्रतिनिधिको स्थानीयताको ज्यादा गुरुत्वबिच सामञ्जस्य कायम हुन नसक्दा कार्यसम्पादन र सेवा प्रवाहमा समस्या र अस्पष्टता देखिनु।
- ✓ स्थानीय तहका शक्ति, अधिकार, स्रोत र जनशक्तिको सन्तुलित उपयोग गरी अपेक्षित नतिजा ल्याउन जनप्रतिनिधि र कर्मचारीबिच सुमधुर , एवं परस्परमा विश्वासको वातावरणसहित सुदृढ अन्तरसम्बन्ध आवश्यक हुन जरुरी।
- ✓ कर्मचारीहरूको केन्द्रीयताको सोच, अनुभव र तजबिजी अधिकार प्रयोगको बानीलाई स्थानीय उच्च महत्त्वाकाङ्क्षामा मिलान गरी व्यवहारमा रूपान्तर र शीघ्र नतिजा ल्याउनमा प्रतिबद्धता र क्षमताको कमी।
- ✓ कर्मचारीलाई कार्य सम्पादनमा सघाउ पुग्ने अनुकूल वातावरण मिलाउने दायित्व र कर्तव्य राजनीतिक नेतृत्वको नहुनु।
- ✓ आफू, आफ्नो मान्छे, आफ्नो दल मात्र होइन कि आफूले प्रतिनिधित्व गरी जिम्मा पाएको सङ्गठन वा संस्थाको समग्र जिम्मेवारीप्रति व्यावसायिक दक्षता , इमानदार र जबाफदेही ढङ्गबाट कार्य सम्पादन गर्ने–गराउने दायित्व निर्वाचित जनप्रतिनिधिको नहुनु।
- ✓ जनप्रतिनिधि, राष्ट्रसेवक कर्मचारी र सेवाग्राहीको समन्वय एवं साझेदारीमा सहकार्य हुन जरुरी हुनु।

- ✓ दबाब र प्रभाव भन्दा शुद्धता र तटस्थतामा ध्यान पुर्याउनमा कठिन हुनु।
- ✓ जनप्रतिनिधि र कर्मचारीहरू दुवै पक्षले सुशासन, सेवा प्रवाह र विकासमा जिम्मेवारी अनुसार भूमिका निर्वाह गरी एउटै उद्देश्य प्राप्तिमा काम गर्ने वातावरण सृजना नहुनु।
- ✓ जनप्रतिनिधिहरूलाई क्षमता विकास गरी सुशासन र सेवा प्रवाह प्रभावकारी गराउनु जरुरी देखिनु।
- ✓ जनप्रतिनिधिहरू र कर्मचारीहरूले अधिकार , जिम्मेवारी, दायित्व र कर्तव्य पालना गर्दा आआफ्नो सीमा भित्र रहेर सेवाप्रवाहलाई चुस्त , दुरुस्त र प्रभावकारी सेवा प्रवाह गर्नु।
- ✓ स्थानीय तह अर्थात् स्थानीय सरकार भनेको प्रत्यक्ष रूपमा जनतासँग सम्पर्क हुने भएकाले कार्य क्षेत्रमा काम गर्दा तत्कालै निर्णय , निरूपण तथा कार्य सम्पादन गर्नु पर्ने हुँदा जनप्रतिनिधिले धर्म नछाड्ने र राष्ट्रसेवक कर्मचारीहरूले धर्म र कर्म दुवै नछाड्ने संस्कारको विकास गर्न सक्नु।
- ✓ जनप्रतिनिधि र कर्मचारीको अन्योन्याश्रित सम्बन्ध विकसित भई सेवा प्रवाह र जनचाहना बमोजिमको कार्यसम्पादन हुनु।

- ✓ केही निमार्ण व्यवसायी तथा कम्पनी र उपभोक्ता समुहले तोकिएको समयमै कार्य सम्पन्न गर्न नसक्नु।
- ✓ स्रोतको कमीका कारण गाउँपालिकाकाले ठुला आयोजनाहरु सञ्चालन गर्न नसकेको।
- ✓ सरावलगाउँपालिकाले योजना बैंक बनाउन नसक्नु।

- ✓ कृषिउपज बिउ बिजनको अत्यधिक माग आउनु र माग अनुसार वितरण हुन नसक्नु।
- ✓ गुणस्तर सुनिश्चितताका लागि प्ररिक्षण प्रयोगशालाको व्यवस्था नहुनु।
- ✓ आम्दानीका स्रोत न्युन हुनु, नागरिक आवश्यकता धेरै भएका कारण योजनाहरुलाइ टुक्रा टुक्रा बनाउन बाध्य हुनु।
- ✓ कर्मचारी तथा जनप्रतिनिधीलाइ समय समयमा प्रयाप्त क्षमता अभिबृद्धी तालिमको अभाव।
- ✓ विकास निमार्णका कतिपय योजनाहरु टुक्रे हुनु।
- ✓ लागत सहभागिताका लागि सबै उपभोक्ताबाट रकम उठाउनु पर्ने भएकोले विपन्न तथा आर्थिक रुपमा कमजोर भएका नागरीकले रकम उठाउन नसक्नु।
- ✓ सरावलगाउँपालिकामा कृषि व्यवसाय प्रवर्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन पास भईसकेको अवस्थामा गाउँपालिका स्तरिय कृषि व्यवसाय प्र वर्धन समिति गठन हुन नसक्नाले कृषि सम्बन्धी नितिगत निर्णय हुन नसकेको।
- ✓ कृषि कार्यक्रम संचालन तथा वास्तविक किसानलाई पहिचान गरी समान वितरणको लागि प्रत्येक वडामा कृषि समितिको गठन गरी सक्रिय बनाउनुपर्ने।
- ✓ निपेक्षित कार्यक्रमहरुको अनुगमन प्रभावकारी रुपमा हुन नसकेको।
- ✓ साविकमा वनेका सुकुम्बासीहरुको घरको बाटो निमार्ण र विस्तार गर्न समस्या परेको।
- ✓ वाली विभिधिकरण गरी वालीपकेट क्षेत्र निर्माण गरी पकेट क्षेत्रमा उत्पादित कृषि उपज विक्रिको सधै समस्या रहने गरेकाले स्थायी रुपमा पालिका क्षेत्र भित्र रहेका

हाटबजारहरुमा कृषक स्टलको व्यावस्था गरी सहजै विक्री वितरणको व्यस्थापन गराउनु पर्ने।

- ✓ शिक्षकले तालिम सिकेका सीपहरु कक्षाकोठामा कम प्रयोग गर्नु विद्यालयको सिकाई वातावरण पुर्ण रुपले बालमैत्री हुन नसक्नु।
- ✓ शाखाले गरेका कार्यक्रमहरुको पालिका स्तरीय अनुगमन समिति मार्फत अनुगमन गरी समय समयमा सुझाव सल्लाहहरु तथा सुधारका पक्षहरु अवगत गराउँदा शाखाले गरेका कार्यक्रमहरु प्रभावकारी तथा नतिजामुखी हुने।

## १.१६सामाजिक जिम्मेवारी पुरा गर्न गाउँपालिकाले चाल्नुपर्ने कदमहरु वा सुझावहरु

- ✓ सरावल गाउँपालिकाले निर्माण गरेका नीति तथा कार्यक्रमका बिच कुनै तालमेल हुन नसकेका कारण आगामी दिनमा नीति अनुसारको कार्यक्रम तथा बजेट निर्माणमा ध्यान दिनुपर्ने।
- ✓ सरावलगाउँपालिकाले आफ्नै कानून निमार्ण गरी गाउँ पालिकाले आफ्नै विभिन्न कानुनहरु निर्माण गरी कार्यान्वयमा ल्याएकोले अनुगमन र सुपरिवेक्षणलाई नियमित , गतिशिल र सुधारका लागि पृष्ठपोषकको रुपमा ग्रहण गर्ने।

- ✓ कर्मचारीहरुको प्रभावकारी कार्य सम्पादनका लागि प्राविधिक क्षमता समेत विकास गर्नुपर्ने।
- ✓ नागरिकका बास्तविक आवश्यकताका आधारमा छलफल नभई योजना निर्माण नहुनु सरावल गाउँपालिकाले टोलबस्तीस्तरमा नागरिकहरुसँग प्रयाप्त छलफल गरिनुपर्ने।
- ✓ सेवाग्राहीहरुको जानकारी तथा पारदर्शीता प्रवद्र्धन गर्दै जवाफदेही स्थानीय सरकार निर्माणका लागि अर्धवार्षिक रुपमा बुलेटिन प्रकाशन गर्ने।
- ✓ सामाजिक विकासका सूचकहरु समेटने गरी सूचना तथा तथ्यांक प्रणाली व्यवस्थित गर्नुपर्ने।
- ✓ मर्मत सम्भार गर्नु पर्ने पूर्वाधार विकास योजनाहरुलाई समयमै मर्मत सम्भार गरी संरक्षण र उपयोग गर्ने व्यवस्था मिलाउने।
- ✓ सरावलगाउँपालिकाको आन्तरिक आयमा सुधार गर्नको लागि राजश्व संकलन क्षेत्रमा जिम्मेवारी लिएका कर्मचारीहरुलाई विशेष प्रोत्सहानको व्यवस्था गर्नुपर्ने।
- ✓ सरावलगाउँपालिकाको आवश्यकता अनुसारको कर्मचारी यथाशिघ्र छनौट गरी पदपूर्ति गर्नु पर्ने।
- ✓ दिर्घकालिन विकासको लागि एकीकृत शहरी विकास योजना तयार गर्नुपर्ने।
- ✓ सीप विकास, आयआर्जन कार्यक्रमबाट कति स्वरोजगार भए भन्ने तथ्यांक अभिलेख राख्नुपर्ने।
- ✓ प्रत्येक टोल र गाउँबाट आएका योजनालाई प्राथमिकताका आधारमा छनौटलाई निरन्तरता दिनुपर्ने।

- ✓ सरावलगाउँपालिकाको गतिविधिको बारेमा सर्वसाधारणलाई जानकारी दिनको लागि गाउँ गतिविधि गाउँपालिकाको वेबसाईट सगैं स्थानीयस्तरका पत्रपत्रिका तथा रेडियो मार्फत सार्वजनिक गर्ने।
- ✓ एकीकृत सम्पती करलाई प्रभावकारी बनाउन फिल्ड निरीक्षणको व्यवस्था मिलाउने।
- ✓ सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई बैकको संख्या बढाउने वा स्थानीय सहकारी मार्फत धुम्ति सेवाको रुपमा लाभग्राहीको घरघरमा वितरणको व्यवस्था मिलाउने।
- ✓ सरावलगाउँपालिकाको कार्यालय र वडा कार्यालयहरुको अगाडि नागरीक वडापत्र (निरक्षरको लागि अडियो/भिडियो डिस्प्ले) अनिवार्य रुपमा राख्नुपर्ने।
- ✓ सर्वसाधारणको काममा थप सहज र छरितो बनाउनको लागि विभिन्न कोठाहरुको नम्बर र फाटँको बारेमा जानकारी दिन पालिकाको प्रवेशद्धारमा नै डिस्प्ले राख्नुपर्ने।
- ✓ पूर्ण साक्षर  गाउँपालिका तथा पूर्ण सरसफाई नगर घोषणा कार्य अगाडि बढाउनु पर्ने।
- ✓ वातावरण मैत्री स्थानीय शासन प्रारुप लागु गर्नका लागि रणनीति बनाई कार्यान्वयन गर्नुपर्ने।
- ✓ सरावलगाउँपालिकाको सौन्दर्य निमार्ण एवम सिर्जनात्मक कामको पहल गर्नुपर्ने।
- ✓ गाउँको फोहोरमैला व्यवस्थापन सार्वजनिक निजि साझेदारीको माध्यबाट गर्ने प्रबन्ध गर्नुपर्ने।
- ✓ प्रतिष्पर्धी पालिकासँगको सयुत ़ साझेदारीमा सेनेटरी ल्याण्डफिल्ड साईटको प्रबन्ध गर्ने।

✓ फोहोरमैला व्यवस्थापनलाई अझ प्रभावकारी बनाउन नगरका बजार क्षेत्रमा कम्तीमा हप्तामा एक दिनका दरले सरसफाई गर्ने कार्यलाई अभियानको रुपमा अगाढि बढाउने ।

## १.१७सामाजिक परिक्षणको क्रममा लिईएका वस्तुगत स्थिती,विकास योजना तथा कार्यक्रमको विवरण, कार्यान्वयनको क्रममा भोगेका समस्यासुझाव तथा केहि तस्विरहरू

सरावल गाउपालिका

गाउ कार्यपालिकाको कार्यालय

सामाजिक परिक्षण प्रयोजनको लागि तयार पारिएको

वडा नं ९

आ ब २०७९।८०

१. आयोजनाको नाम.....तिलकपुर वाटो ग्राभेल.....

२. आयोजना संचालन क्षेत्र तथा विनियोजित बजेट .....५०००००।-.....

३. आयोजना सम्झौता मिति .....-.....

४. आयोजना सम्पन्न मिति .....-.....

५. आयोजना खरिद विधि.....उपभोक्ता समिती.....

६. खरिद गरिएको उपभोक्ता समिति/निर्माण कम्पनि.....मतहरी कहमाई दोवी ५ दक्षिण-पुर्व भुताहा जोड्ने सडक उपभोक्ता समिति

७. आयोजनाको परिमाण.....पुर्ण काम भएको.....

८. आयोजनाबाट लाभान्वित जनसंख्या.....अनुमानित ३५० जना.....

९. आयोजना प्रति जन गुनासो .....मजापुर सम्बन्ध हुनु पर्ने.....
माथी वाटो पिच हुन पर्ने

१०. आयोजना बाट के नतिजा प्राप्त भयो ?

११. जानकारी दिने व्यक्तिको नाम मोबाइल न .....भागीरथी चौधरी.....हस्ताक्षर.....
९८०६५३६४३२

CS CamScanner





सराबल गाउपालिका

गाउ कार्यपालिकाको कार्यालय

सामाजिक परिक्षण प्रयोजनको लागि तयार पारिएको

वडा नं १

आ ब २०७९।८०

१. आयोजनाको नाम आन्तरिक सडक ग्राभेल

२. आयोजना संचालन क्षेत्र तथा विनियोजित बजेट २०००००।-

३. आयोजना सम्झौता मिति -

४. आयोजना सम्पन्न मिति -

५. आयोजना खरिद विधि उपभोक्ता समिति

६. खरिद गरिएको उपभोक्ता समिति/निर्माण कम्पनि आन्तरिक सडक ग्राभेल उपभोक्ता समिति

७. आयोजनाको परिमाण पुर्ण

८. आयोजनाबाट लाभान्वित जनसंख्या सम्पूर्ण जनता (८-घरधुरी)

९. आयोजना प्रति जन गुनासो ग्राभेल राम्रो छ ।यसलाई अझ थप बजेट गरी पिसीसी गर्नुपर्ने

१०. आयोजना बाट के नतिजा प्राप्त भयो ?
आवत जावत को लागी सहज भएकोछ ।

११. जानकारी दिने व्यक्तिको नाम मोबाइल न मन बहादुर चौधरी हस्ताक्षर मन ब॰ चौधरी

CS CamScanner





गराबल गाउपालिका

गाउ कार्यपालिकाको कार्यालय

सामाजिक परिक्षण प्रयोजनको लागि तयार पारिएको

१३ नं. २

आ ब २०७९।८०

१. आयोजनाको नाम पतहरी स्वास्थ्य चौकी निर्माण

२. आयोजना संचालन क्षेत्र तथा विनियोजित बजेट ३४ ६९४८५.०३

३. आयोजना सम्झौता मिति २०८०।०३।०८

४. आयोजना सम्पन्न मिति २०८०।०५।२५

५. आयोजना खरिद विधि सामाजिक विकास / स्वास्थ्य पुर्वाधार विकास

६. खरिद गरिएको उपभोक्ता समिति/निर्माण कम्पनि दुर्गा कन्स्ट्रक्सन

७. आयोजनाको परिमाण पूर्ण

८. आयोजनाबाट लाभान्वित जनसंख्या स्थानीय लगायत सम्पूर्ण जनता

९. आयोजना प्रति जन गुनासो स्वास्थ्य [illegible] अगाडीको भागमा रेलीङको राम्रो व्यवस्था स्वास्थ्य चौकीको नाम महीले राख्नु पर्ने / र हिला हटाउने काम मा व्यवस्थीत नीतिको [illegible] छिट्टै समाधान गर्नु पर्ने

१०. आयोजना बाट के नतिजा प्राप्त भयो ? पानि पर्दा तलको तलामा पानि पर्ने समस्या हटेको छ। र स्वास्थ्य सम्बन्धी कामको काम हरु गर्न सहज भएको छ।

११. जानकारी दिने व्यक्तिको नाम मोबाइल न निलकण्ठ भण्डारी हस्ताक्षर [signature]
९८४६०७०४६९

CamScanner






मनरी स्वास्थ्य चौकी
प्रवेशद्वार

सरावल गाउपालिका

गाउ कार्यपालिकाको कार्यालय

सामाजिक परिक्षण प्रयोजनको लागि तयार पारिएको

२.

आ ब २०७९।८०

१. आयोजनाको नाम जनता माध्यमीक विद्यालयमा भवन निर्माण

२. आयोजना संचालन क्षेत्र तथा विनियोजित बजेट हाल सम्पन्न नाभएको बहु वर्षीय योजना रहेको

३. आयोजना सम्झौता मिति –

४. आयोजना सम्पन्न मिति –

५. आयोजना खरिद विधि कम्पनी निर्माण

६. खरिद गरिएको उपभोक्ता समिति/निर्माण कम्पनि –

७. आयोजनाको परिमाण बहुवर्षीय योजना

८. आयोजनाबाट लाभान्वित जनसंख्या सम्पुर्ण विद्यार्थी लगाएत सम्पुर्ण शिक्षक

९. आयोजना प्रति जन गुनासो काम पुर्ण हुँदैछ।

१०. आयोजना बाट के नतिजा प्राप्त भयो ?

काम हुँदैछ।

११. जानकारी दिने व्यक्तिको नाम मोबाइल न – हस्ताक्षर –

CamScanner




जनता माध्यमिक विद्यालय, मनरी
सरावल गा.पा.-२, नवलपरासी (ब. सु. प.), ५ नं. प्रदेश, नेपाल
स्थापित: वि. सं. २०१६





वडा नं.३

**सरावल गाउपालिका**

**गाउ कार्यपालिकाको कार्यालय**

**सामाजिक परिक्षण प्रयोजनको लागि तयार पारिएको**

**आ ब २०७९।८०**

१. आयोजनाको नाम सरावल जनकपुर जोड्ने सडक स्तरोन्नति गर्ने

२. आयोजना संचालन क्षेत्र तथा विनियोजित बजेट ३०,९५०००।- (निरन्तरता)

३. आयोजना सम्झौता मिति —

४. आयोजना सम्पन्न मिति —

५. आयोजना खरिद विधि ठेक्का (१२।०८८।८७९)

६. खरिद गरिएको उपभोक्ता समिति/निर्माण कम्पनि

७. आयोजनाको परिमाण काम हुँदै

८. आयोजनाबाट लाभान्वित जनसंख्या अनुमानित ३१० जना

९. आयोजना प्रति जन गुनासो बाटो राम्रो रहेको
नालीको छिउमा ढक्कन लगाउनु पर्नु । ढलान काम सम्पन्न भएको १ वर्ष नभई बाटो फुटेको छ ।

१०. आयोजना बाट के नतिजा प्राप्त भयो ?
स्थानिय हरुलाई हिंड्डुल गर्न सजिलो भएको छ ।

११. जानकारी दिने व्यक्तिको नाम मोबाइल न रमेश नाथ चौधरी ९८१५४८६१६८ भवानी सिंह चौधरी ९८०६९९९५५२ हस्ताक्षर





सरावल गाउपालिका

गाउ कार्यपालिकाको कार्यालय

वडा नं. ३

सामाजिक परिक्षण प्रयोजनको लागि तयार पारिएको

**आ ब २०७९।८०**

१. आयोजनाको नाम........ पिपरहवा मदुवा मन्दीर देवी गीरीजा शंकाको घरसम्म आर सीसी ढलान

२. आयोजना संचालन क्षेत्र तथा विनियोजित बजेट ........ ४००००।-

३. आयोजना सम्झौता मिति ........ -

४. आयोजना सम्पन्न मिति ........ -

५. आयोजना खरिद बिधि........ उपभोक्ता समिती

६. खरिद गरिएको उपभोक्ता समिति/निर्माण कम्पनि........ पिपरहवा मदुवा मन्दीर देवी गिरीजा शंकाको घरसम्म आर सीसी उपभोक्ता समिती

७. आयोजनाको परिमाण........ पुर्ण

८. आयोजनाबाट लाभान्वित जनसंख्या........ अनुमानित ४५० जना

९. आयोजना प्रति जन गुनासो ........ बाकी अधुरो गा.पा. बाट बजेट पारी पुर्ण काम गर्नु पर्दछ

१०. आयोजना बाट के नतिजा प्राप्त भयो ?
बाटो राम्रो भएको छ ।

११. जानकारी दिने व्यक्तिको नाम मोबाइल न ........ राम धारु ........ हस्ताक्षर........ राम
९८०१५२२९६३

CamScanner





सरावल गाउपालिका

गाउ कार्यपालिकाको कार्यालय

३. नम्बर वडा

सामाजिक परिक्षण प्रयोजनको लागि तयार पारिएको

आ ब २०७९।८०

१. आयोजनाको नाम कोइलाहाको प्रतिक्षालय देखी नाला निर्माण होम नारायण चौधरीको घर सम्म नाला निर्माण

२. आयोजना संचालन क्षेत्र तथा विनियोजित बजेट ३५००००।-

३. आयोजना सम्झौता मिति २०८०।११।०४

४. आयोजना सम्पन्न मिति २०८१।२।१५

५. आयोजना खरिद बिधि निर्माण व्यवसायी

६. खरिद गरिएको उपभोक्ता समिति/निर्माण कम्पनि संतोष निर्माण सेवा, रामग्राम

७. आयोजनाको परिमाण पूर्ण

८. आयोजनाबाट लाभान्वित जनसंख्या अनुमानित २२५ जना

९. आयोजना प्रति जन गुनासो केही नभएको जुन काम भएको छ त्यो राम्रो छ।

१०. आयोजना बाट के नतिजा प्राप्त भयो ?
पानीको समस्या पानीको पुरै गाउँमा तथा घरमा पनि समस्या हटेको छ।

११. जानकारी दिने व्यक्तिको नाम मोबाइल न ............................................हस्ताक्षर.............................

CamScanner


नेपाल सरकार
सराक्ल गाउँपालिका


नेपाल सरकार
सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरावल, नवलपरासी
१) योजनाको नाम - कोठीलहाको प्रतिक्षालय देखी हीम नारायण चौधरीको घर सम्म नाला निर्माण
२) योजना स्थल - सरावल, २ कोठीलहा
३) योजना सम्झौता रकम रु. २५०८९४.७६ (भ्याट तथा कन्टिजेन्सी बाहेक)
४) कार्यालयबाट स्वीकृत रकम - ३५००००/-
५) सम्झौता मिति - २०८०/११/०४
६) कार्य सम्पन्न गर्नु पर्ने मिति - २०८१/२/१५
७) निर्माण व्यवसायीको नाम - संतोष निर्माण सेवा

सरावल गाउपालिका

गाउ कार्यपालिकाको कार्यालय

वडा नं ३. सामाजिक परिक्षण प्रयोजनको लागि तयार पारिएको

आ ब २०७९।८०

१. आयोजनाको नाम आधारभुत स्वास्थ्य चौकी भवन निर्माण

२. आयोजना संचालन क्षेत्र तथा विनियोजित बजेट ५९,१४९८६।०५
लागत अनुमान ६५८८३५३।५५

३. आयोजना सम्झौता मिति २०७९।११।२८

४. आयोजना सम्पन्न मिति २०८०।१।२८

५. आयोजना खरिद विधि ठेक्का

६. खरिद गरिएको उपभोक्ता समिति/निर्माण कम्पनि कृष्णा कन्स्ट्रक्सन बुटवल ११

७. आयोजनाको परिमाण पुर्ण

८. आयोजनाबाट लाभान्वित जनसंख्या स्थानिय सम्पुर्ण सेवाग्राही

९. आयोजना प्रति जन गुनासो केही नभएको

१०. आयोजना बाट के नतिजा प्राप्त भयो ?
स्थानिय बिरामी हुदा गाउँमै सेवा सुविधा पाउने

११. जानकारी दिने व्यक्तिको नाम मोबाइल न वडा अध्यक्ष फिरङ्गी चौधरी ..........हस्ताक्षर..........

CS CamScanner



सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरावल नवलपरासी (ब. सु. प.)
लुम्बिनी प्रदेश नेपाल
आयोजना सूचना पाटी
योजनाको नाम
आधारभूत स्वाथ्य चौकी भवन निर्माण
योजना स्थल
सरावल. ३. सरावल
योजना स्विकृत गर्ने निकाय
गाउँ कार्यपालिकाको निर्णय
लागत अनुमान रकम (भ्याट बाहेक
रु. ७६,८८,३५३/५२
कबुल रकम (भ्याट बाहेक)
रु. ५९,१४,१८६/०५
ठेक्का नं.
०३/SRM/NCB/२०७९.८०
सम्झौता मिति
२०७९/११/२८
सम्पन्न हुने मिति
२०८१/०१/२८
गर्ने कम्पनीको नाम
कृष्ण कन्स्ट्रक्सन बुटवल.११



वडा - ४

**सरावल गाउपालिका**

**गाउ कार्यपालिकाको कार्यालय**

**सामाजिक परिक्षण प्रयोजनको लागि तयार पारिएको**

**आ ब २०७९।८०**

१. आयोजनाको नाम शान्तिवन गाउँमा छठ घाट निर्माण

२. आयोजना संचालन क्षेत्र तथा विनियोजित बजेट ४०००००/-

३. आयोजना सम्झौता मिति —

४. आयोजना सम्पन्न मिति —

५. आयोजना खरिद बिधि उपभोक्ता

६. खरिद गरिएको उपभोक्ता समिति/निर्माण कम्पनि शान्तिवन गाउँमा छठ घाट निर्माण उपभोक्ता समिति

७. आयोजनाको परिमाण पुर्ण

८. आयोजनाबाट लाभान्वित जनसंख्या धर्मालम्बी सम्पुर्ण (स्थानिय तथा अन्य)

९. आयोजना प्रति जन गुनासो अझै पनि छठ घाट निर्माण हुनुपर्ने

१०. आयोजना बाट के नतिजा प्राप्त भयो ? सम्पुर्ण धर्मालम्बी हरु छठ पर्वमा एकै ठाउँमा गएर ~~पुजा~~ पुजा गर्ने वातावरण मिलेको छ।

११. जानकारी दिने व्यक्तिको नाम मोबाइल न ~~[illegible]~~ विजु मोहन चौधरी हस्ताक्षर............

CamScanner





वडा ४/६

सरावल गाउपालिका

गाउ कार्यपालिकाको कार्यालय

सामाजिक परिक्षण प्रयोजनको लागि तयार पारिएको

आ ब २०७९।८०

१. आयोजनाको नाम..खरे खोलामा तटबन्ध निर्माण कार्य..........

२. आयोजना संचालन क्षेत्र तथा विनियोजित बजेट ........१०,०००००/-..........

३. आयोजना सम्झौता मिति ८० –..........

४. आयोजना सम्पन्न मिति ......–..........

५. आयोजना खरिद बिधि......निर्माण व्यवसायी

६. खरिद गरिएको उपभोक्ता समिति/निर्माण कम्पनि..........

७. आयोजनाको परिमाण..........पूर्ण..........

८. आयोजनाबाट लाभान्वित जनसंख्या......अनुमानित - ५६० जना..........

९. आयोजना प्रति जन गुनासो ..४ वडा का बासीहरु लाई बाढी आउने समयमा खेती पाती मा खोला पस्ने गरेको हाल उक्त कार्य ले केही राहत मिलेको स्थानियको मनमा रहेको जानकारी प्राप्त भयो।

१०.आयोजना बाट के नतिजा प्राप्त भयो?
४,२,६ वडा लाई जोड्ने खोला भएकाले तटबन्ध गर्दा स्थानिय बासी खेती पाती गर्न सहज भएको छ।

११.जानकारी दिने व्यक्तिको नाम मोबाइल न ..आलम मिर (पात)..........हस्ताक्षर..........
समाजसेवी

CamScanner



सराबल गाउपालिका

गाउ कार्यपालिकाको कार्यालय

सामाजिक परिक्षण प्रयोजनको लागि तयार पारिएको

वडा नं ५

आ ब २०७९।८०

१. आयोजनाको नाम......छत्रो ढुवौलीपामा (पूर्व टोल) आर.सी.सी.

२. आयोजना संचालन क्षेत्र तथा विनियोजित बजेट ......८०००००।-

३. आयोजना सम्झौता मिति ..................................

४. आयोजना सम्पन्न मिति ..................................

५. आयोजना खरिद बिधि......उपभोक्ता समिति

६. खरिद गरिएको उपभोक्ता समिति/निर्माण कम्पनि......छत्रो ढुवौलीपामा (पूर्व टोल) आर सीसी ढलान उपभोक्ता समिति

७. आयोजनाको परिमाण......पूर्ण

८. आयोजनाबाट लाभान्वित जनसंख्या......अनुमानित ३१५ जना

९. आयोजना प्रति जन गुनासो ......राम्रो छ। अगाडी पनि आउदा समयमा रहेर र ... ठाउलाई पनि ध्यान गर्नुपर्छ

१०. आयोजना बाट के नतिजा प्राप्त भयो ?

११. जानकारी दिने व्यक्तिको नाम मोबाइल न ......बैद्यनाथ मिश्रा......हस्ताक्षर......बैद्यनाथ

CS CamScanner







सराबल गाउपालिका

गाउ कार्यपालिकाको कार्यालय

सामाजिक परिक्षण प्रयोजनको लागि तयार पारिएको

आ ब २०७९।८०

वडा . ५

१. आयोजनाको नाम......वडहराव टोलमा आर सी सी ढलान......

२. आयोजना संचालन क्षेत्र तथा विनियोजित बजेट ......५०००००/-......

३. आयोजना सम्झौता मिति ......-......

४. आयोजना सम्पन्न मिति ......-......

५. आयोजना खरिद बिधि......उपभोक्ता समिती......

६. खरिद गरिएको उपभोक्ता समिति/निर्माण कम्पनि......वडहराव टोलमा आर सी सी ढलान उ.स.

७. आयोजनाको परिमाण......पूर्ण......

८. आयोजनाबाट लाभान्वित जनसंख्या......अनुमानित १६५ जना......

९. आयोजना प्रति जन गुनासो ......नालीको आवश्यकता भएको......

१०. आयोजना बाट के नतिजा प्राप्त भयो ?
आवत जावत गर्न सहज भएको

११. जानकारी दिने व्यक्तिको नाम मोबाइल न ......अर्जुन प्रसाद थापा......हस्ताक्षर......
९८११५२१६६६

CS CamScanner







सरावल गाउपालिका

गाउ कार्यपालिकाको कार्यालय

सामाजिक परिक्षण प्रयोजनको लागि तयार पारिएको

वडा नं. ६

आ ब २०७९।८०

१. आयोजनाको नाम खड्डौना कब्रिस्तानमा माटो पहाल गर्ने कार्य

२. आयोजना संचालन क्षेत्र तथा विनियोजित बजेट १५०००००।-

३. आयोजना सम्झौता मिति –

४. आयोजना सम्पन्न मिति २०७९/८० (आ.व.मा सम्पन्न भएको)

५. आयोजना खरिद बिधि –

६. खरिद गरिएको उपभोक्ता समिति/निर्माण कम्पनि उपभोक्ता समिती

७. आयोजनाको परिमाण पुर्ण

८. आयोजनाबाट लाभान्वित जनसंख्या टोल छाउमा आउने सम्पुर्ण

९. आयोजना प्रति जन गुनासो राम्रो छ, अझ थप काम गरेर व्यवस्थित गरिनु पर्ने

१०. आयोजना बाट के नतिजा प्राप्त भयो ? राम्रो छ पानी जम्ने ठाउँ थियो। हाल माटो पुरेकाले थप ठाउँ पानी जम्न बन्द भएको र कुनै पनि कार्य गर्न सहज भएको।

११. जानकारी दिने व्यक्तिको नाम मोबाइल न – हस्ताक्षर –

CS CamScanner





सरावल गाउपालिका

गाउ कार्यपालिकाको कार्यालय

सामाजिक परिक्षण प्रयोजनको लागि तयार पारिएको

वडा नं ६

आ ब २०७९।८०

१. आयोजनाको नाम.....मुजाह्वा टोलमा आर.सी.सी. ढलान.....

२. आयोजना संचालन क्षेत्र तथा विनियोजित बजेट .....१५०००००।-.....

३. आयोजना सम्झौता मिति .....-.....

४. आयोजना सम्पन्न मिति .....-.....

५. आयोजना खरिद विधि.....उपभोक्ता समिति.....

६. खरिद गरिएको उपभोक्ता समिति/निर्माण कम्पनि.....मुजाह्वा टोलमा आर.सी.सी. ढलान उपभोक्ता समिति

७. आयोजनाको परिमाण.....पूर्ण.....

८. आयोजनाबाट लाभान्वित जनसंख्या.....अनुमानित ३६० जना.....

९. आयोजना प्रति जन गुनासो .....बाटो छोटो भएकाले चौडाईकरण गरी निर्माण गर्नु पर्ने।

१०. आयोजना वाट के नतिजा प्राप्त भयो ?
आवत जावत गर्न सहज भएको

११. जानकारी दिने व्यक्तिको नाम मोबाइल न .....फिरोज धुनिया.....हस्ताक्षर.....[signature].....
९८१६४६-५९०६

CamScanner





सरावल गाउपालिका

गाउ कार्यपालिकाको कार्यालय

सामाजिक परिक्षण प्रयोजनको लागि तयार पारिएको

क्रम नं ६१

आ ब २०७९।८०

१. आयोजनाको नाम विपत प्रभावीत क्षेत्रमा अस्थायी स्थान मा पानी टंकी निर्माण फिटीङ्

२. आयोजना संचालन क्षेत्र तथा विनियोजित बजेट ४०००००।-

३. आयोजना सम्झौता मिति २०७९।११।२२

४. आयोजना सम्पन्न मिति २०८०।२।३२

५. आयोजना खरिद बिधि उपभोक्ता समिति

६. खरिद गरिएको उपभोक्ता समिति/निर्माण कम्पनि...........................

७. आयोजनाको परिमाण पुर्ण

८. आयोजनाबाट लाभान्वित जनसंख्या विपत प्रभावित सम्पूर्ण स्थानिय

९. आयोजना प्रति जन गुनासो ............................................................

१०.आयोजना बाट के नतिजा प्राप्त भयो ? विपत को समय मा स्थानिय तथा विपत विस्थापीत हरुको लागी शुद्ध खाने पाने पानी को लागी पानी टंकी निर्माण गरिएको जानकारी भयो।

११.जानकारी दिने व्यक्तिको नाम मोवाइल न नन्दन कुमार सिंह उ.अध्यक्ष हस्ताक्षर.............................



CamScanner



बाढी प्रतिकार्य तथा पुनर्लाभ
परियोजना
सामुदायिक विउ भण्डार
सुरक्षित आश्रय
CARITAS NEPAL
Caritas
AUSTRIA
CDM NEPAL


सरावल गाउँपालिका
१. आ.व. : २०७९/०८०
३. ठेगाना : सरावल गा.पा.
८. कुल रकम : रु. ४०००००
११. उ.स.को अध्यक्षको नाम : चन्दन कु. सिंह


सामुदायिक विउ भण्डार
सरावल गाउँपालिका
सम्पन्न मिति-
CARITAS NEPAL
Caritas AUSTRIA
सञ्चार गृह
संघ संस्था तथा कार्यालय

सरावल गाउपालिका

गाउ कार्यपालिकाको कार्यालय

सामाजिक परिक्षण प्रयोजनको लागि तयार पारिएको

०६ आ ब २०७९।८०

१. आयोजनाको नाम ~~[illegible]~~ छतेवा खोलामा माइफल निर्माण

२. आयोजना संचालन क्षेत्र तथा विनियोजित बजेट 300000/-

३. आयोजना सम्झौता मिति २०८०।१।११

४. आयोजना सम्पन्न मिति २०८०।३।२५

५. आयोजना खरिद बिधि उपभोक्ता

६. खरिद गरिएको उपभोक्ता समिति/निर्माण कम्पनि छतेवा खोलामा माइफल निर्माण उपभोक्ता समिति

७. आयोजनाको परिमाण पूर्ण

८. आयोजनाबाट लाभान्वित जनसंख्या स्थानिय सबै

९. आयोजना प्रति जन गुनासो राम्रो भएको छ कार्य

१०. आयोजना बाट के नतिजा प्राप्त भयो ?
वर्षा समयमा पानीले जमीन कटान भएकाले घर नजिकै गर्दा स्थान बाढीबाट जग्गा सुरक्षित रहेको छन र स्थानिय खेती पाती गर्न सहज भएको छ

११. जानकारी दिने व्यक्तिको नाम मोबाइल न ........ हस्ताक्षर [signature]

CamScanner







सरावल गाउपालिका

गाउ कार्यपालिका कार्यालय

सामाजिक परिक्षण प्रयोजनको लागि तयार पारिएको

आ ब २०७९।८०

१. आयोजनाको नाम गणेश पुरमा आर सी सी ढलान

२. आयोजना संचालन क्षेत्र तथा विनियोजित बजेट ५०००००।-

३. आयोजना सम्झौता मिति -

४. आयोजना सम्पन्न मिति -

५. आयोजना खरिद विधि उपभोक्ता समिति

६. खरिद गरिएको उपभोक्ता समिति/निर्माण कम्पनि गणेश पुरमा आर सी सी ढलान उपभोक्ता समिति

७. आयोजनाको परिमाण पुर्ण

८. आयोजनाबाट लाभान्वित जनसंख्या अनुमानित २६५ जना

९. आयोजना प्रति जन गुनासो मुख्य बाटो बन्नु पर्ने
नाली सहितको बाटोको आवश्यकता।

१०. आयोजना बाट के नतिजा प्राप्त भयो ?
आवत जावत मा सहज भएको। बाटोमा पानि जाने समस्या हटेको छ

११. जानकारी दिने व्यक्तिको नाम मोबाइल न रोहीत थापा हस्ताक्षर [signature]
९८२२६८२१२३

CamScanner







सरावल गाउपालिका

गाउ कार्यपालिकाको कार्यालय

वडा नं. ६

सामाजिक परिक्षण प्रयोजनको लागि तयार पारिएको

आ ब २०७९।८०

१. आयोजनाको नाम ~~[illegible]~~ झोरे तथा धनेला खोलामा तटबन्ध निर्माण

२. आयोजना संचालन क्षेत्र तथा विनियोजित बजेट ३५०००००/-

३. आयोजना सम्झौता मिति —

४. आयोजना सम्पन्न मिति —

५. आयोजना खरिद बिधि ठेक्का

६. खरिद गरिएको उपभोक्ता समिति/निर्माण कम्पनि.............................

७. आयोजनाको परिमाण पुरै

८. आयोजनाबाट लाभान्वित जनसंख्या स्थानीय सम्पूर्ण

९. आयोजना प्रति जनु गुनासो काम राम्रो भएको छ, र अझ थप रकम हुँदाइ लाम्हो रहेको ठाउँमा पनि तटबन्ध गर्नु पर्ने

१०. आयोजना बाट के नतिजा प्राप्त भयो ?
तटबन्ध ले गर्दा खेती पाती योग्य जमिन सुरक्षित भएको छ। र गाउँघर खाली भएको स्थानियको भनाइ रहेको

११. जानकारी दिने व्यक्तिको नाम मोबाइल न — हस्ताक्षर —

CamScanner







## १.१८ सेवाग्राहि जनता सँग गरिएको सवाल जवाफको राम्रो पक्षः

- ✓ विगतको तुलनामा काम कार्वाही र सेवा प्रवाहमा छिटो छरितो।
- ✓ जनप्रतिनिधि र कर्मचारीहरुवाट सरल र मिठासपुर्ण व्यवहार हुनु।
- ✓ कार्यालय नियमित रुपमा सञ्चालन भएको।
- ✓ विकास निर्माणको काममा गाउँटोलसम्म भएको र सुरु गरिएको।
- ✓ सूचना प्रवाह नियमित रुपमा भएको।
- ✓ सामाजिक परिक्षण कार्यक्रम राखेको।
- ✓ भौतिक पूर्वाधार प्रयाप्त नभएपनि काम चलाउने खालको भएको।

## १.१९सेवाग्राहीको समग्र जवाफमा कार्यालयहरुले सुधार गर्नुपर्ने पक्षहरु

- ✓ कर्मचारीहरु विहान१० बजेदेखी ५ बजेसम्म अर्थात कार्यालयसमयसम्म कार्यालयमा बस्नुपर्ने।
- ✓ गाउँमा रोजगारी सृजना हुने खालका आयोजनाहरुलाई प्राथमिकतामा राख्नुपर्ने।
- ✓ कार्यालयले नियमित सरसफाई र पानीको व्यवस्थापनमा ध्यान दिनुपर्ने।
- ✓ लक्षित वर्गको योजना निर्माण गर्दा सम्वन्धित समूहलाई नै प्राथमिकतामा राखि योजना तयार गर्नुपर्ने।
- ✓ सूचना उपलव्धतामा थप सरलता वनाउनुपर्ने।
- ✓ नागरिक वडा पत्रलाई नियमित रुपमा अद्यावधिक गर्नुपर्ने र ठूलो आकारमा हुनुपर्ने।
- ✓ मध्यम/न्यून वर्गिय मानिसहरु सेवा लिन जादा कठिनाई भएकोले उनिहरुलाई समेत अन्य सरह समान व्यवहार गर्ने।
- ✓ सार्वजनिक निकायहरूले वार्षिक कार्यक्रम र बजेट सबै स्थानीय वडासम्म सार्वजनिकगर्ने व्यवस्था मिलाउने।
- ✓ जनताको प्रत्यक्ष सरोकार राख्ने सरकारी , गैह्र सरकारी निकायले सम्पादन गर्ने कामको प्रक्रिया र शुल्क सम्बन्धी नागरिक वडापत्र सबै वडामा समेत टाँस गर्ने व्यवस्था गर्ने।
- ✓ गुनासो सुनुवाई /उजुरी पेटिका खोली कार्यालय प्रमुखले बैठकमा राखी गुनासो व्यवस्थापन गर्ने सार्वजनिक गर्ने।

## १.२०पालिका तथा वडाबस्तीहरुको सम्बोधन गर्नु पर्ने पीडा र समस्याहरु

- ✓ गाउँको बाटोहरु जिर्ण भएकाले ग्राभेल र क्रमशः कालोपत्रे गर्नुपर्ने।
- ✓ जनताको सुरक्षासंग प्रत्यक्ष सरोकार राख्ने विद्युतको पोलपोलमा पोलब त्तीको व्यवस्था गर्नुपर्ने।
- ✓ गाउँटोलमा सरकारी, गैह्र सरकारी निकायले सम्पादन गर्ने कामको प्रक्रिया र शुल्क सम्बन्धी नागरिक वडापत्र सबै वडामा टाँस गर्नुपर्ने।
- ✓ सडकको छेउछेउमा ढल निकासको व्यवस्था गर्नुपर्ने।
- ✓ गठन हुन नस केको वडामा टोल विकास संस्था वा समिति गठन प्रकृया अगाडीबढाउनुपर्ने।
- ✓ गाउँमा पनि प्लटिगंको समस्या भएकाले त्यसलाई रोक्नुपर्ने वा व्यवस्थित गर्नुपर्ने।
- ✓ गाउँलेको सहभागितामा समितिहरुको निर्माण गनुपर्ने।
- ✓ सामाजिक, सांकृतिक र धार्मिक संरक्षणका लागि थप कार्यक्रम ल्याउनुपर्ने।

## १.२१निश्कर्षः

सामाजिक परीक्षण एक प्रकारको सामाजिक उत्तरदायित्वको लेखाजोखा गर्ने पद्धति भएकाले सरावल गाउँपालिका (बर्दघाट सुस्ता-पश्चिम) ले यो कार्यक्रम संचालन गरेको हो। यसको लागि विभिन्न संघ, संस्थाहरु छनौट गरी विश्लेषण गरिएको थियो। विश्लेषणबाट

कार्यालयको समग्र सामाजिक उत्तरदायित्वको अवस्था मिश्रित पाईयो। केही आश लाग्दा उपलब्धिहरु हासिल भएको पाईयो भने केही कमी कमजोरीहरु पनि यस परीक्षणको क्रममा देखिए। पूर्वाधार विकासवाट प्राप्त विकासका अवसरहरुलाई आम नागरिकहरुको प्रत्यक्ष संलग्नतामा सामाजिक विकासलाई अघि वढाउन सफल भएको पाईन्छ। स्थानीय तह संचालन ऐन, नियमावली, स्थानीय स्वायत्त शासन नियमावली र आर्थिक नियमावलीलाई पूर्ण रूपमा पालना गर्दै स्थानीय विकासमा ओमसतिया गाउँपालिका रुपन्देहीले उल्लेखनीय कार्यहरू गर्दै आएको छ। सामान्यतया कार्यक्रम गर्नका लागि सर्वप्रथम योजनाको आवश्यकता पर्दछ। यसका लागि यस सरावल गाउँपालिकाले साविकककाे गाविसहरु र हालका वडाहरुको टोल बस्तीदेखि नै योजनाहरूको माग गर्ने, विभिन्न आवश्यक प्रकृयाहरू पूरा गरी योजना तथा कार्यक्रमलाई गाउँसभाबाट पारित गरेपछि मात्र कार्यक्रमहरू संचालन गर्ने गरेको पाइएको छ। त्यस्ता कार्यक्रमहरू नियम संगत ढंगमा योजना निर्माण गरी योजना अनुरूप नै संचालन गरिएको देखिन्छन्। सरावल गाउँपालिकामा विकासको क्षेत्रमा काम गर्ने स्थानीय संघ संस्थाहरु, विभिन्न सरकारी, गैर सरकारी तथा नीजि संस्थाहरुले गर्ने कामहरुलाई एकत्रित गर्न गरेको प्रयासको कारण विकासको क्षेत्रमा काम गर्ने निकायहरुको बीचमा समन्वय भई दोहोरोपनलाई न्युनीकरण गर्न सहयोग मिलेको देखिन्छ। यस अध्ययनबाट गाउँपालिकाले आफ्नो सेवालाई अझै चुस्त, दुरुस्त र प्रभावकारी पार्नुपर्ने देखिएको छ। सरावल गाउँपालिकाले प्राथमिकतामा राखेको अपांगमैत्री, सुशासन मैत्री, बालमैत्री र बाल विवाह नगर घोषणा गर्ने कार्यलाई केन्द्र भागमा राखेर अगाडि बढाउनु पर्ने देखिन्छ। यहाँका बाल समुह, बाल समुह संजाल, बाल विकास केन्द्र, विद्यालयहरु र मदरसाहरुको अवस्था पनि पालिकाको सानो सहयोगबाट उन्नत बन्न सक्ने अवस्थामा रहेको देखिदैन। सरावल गाउँपालिकाले विधुतिय सुशासन कार्यक्रम प्रभावकारी

बनाउने प्रयास गरेको तर पूर्ण रुपमा बन्न सकेको पाइएको छैन। यस सरावल गाउँपालिकाको विभिन्न कार्यक्रमका लागि समयमा बजेट निकाशा हुने परिपाटीको विकास भएको छ र त्यसको पूर्ण कार्यान्वयन आवश्यक छ। केही कामहरु समयमा बजेट आएपनि हतारमा सम्पन्न गरेको देखियो। यसबाट आयोजना र परियोजनाहरु स्तरीय रुपमा सम्पन्न गर्न भन्दा पनि काम सक्ने र बजेटलाई सक्ने कार्यले प्राथमिकता पाउने गरेको छ। त्यस्तै पालिकाका विषयगत शाखा कार्यालयहरुले तथ्यांक र सूचना अभिलेखिकरणमा एकरुपता ल्याउन सके मात्र विकासको सुचकहरुलाई बढी परिष्कृत गर्न सकिन्छ। यसका लागि स्थानीय तह लगायत सबै विषयगत शाखा कार्यालयहरु तथा गैससहरुले अनुगमन प्रणालीलाई कार्यान्वयनमा लैजान तिव्रता दिन सिफासि गरिन्छ। सामाजिक परीक्षणको क्रममा सुझाईएका विषयहरुलाई गम्भीरता पूर्वक लिई आगामी दिनमा कमी कमजोरी सकभर नदेखिने गरी विपन्न वर्ग , दलित वर्ग, जनजाती, महिला, वालवालिका तथा पिछडिएकाको वर्ग, अपांग, जेष्ठ नागरिकको उत्थानमा गम्भीर प्रयास गर्नु आवश्यक रहेको छ।

## सन्दर्भ सामग्री तथा पुस्तकहरु


- ✓ स्थानीय सरकार संचालन ऐन, २०७४,
- ✓ स्थानीय तहको बार्षिक योजना तथा बजेट कार्यक्रम,
- ✓ गाउँपालिका पाश्र्व चित्र सरावल गाउँपालिका (बर्दघाट सुस्ता-पश्चिम),
- ✓ आर्थिक बर्ष २०७९।०८० मा सम्पन्न गरेका केही योजनाहरुको अनुगमन,

- ✓ विगतका गाउँसभाले गरेका निर्णयहरु,
- ✓ सरावल गाउँपालिका नवलपरासी (बर्दघाट सुस्ता पश्चिम) को बार्षिक समिक्षा प्रतिवेदन,
- ✓ सरावल गाउँपालिकामा लागु गरिएका विनियमावली, विभिन्न कार्यविधि, निर्देशिकाहरु,
- ✓ सरावल गाउँपालिकाको आर्थिक बर्ष २०८०/०८१ को यथार्थ आय व्यय योजना,
- ✓ कार्यक्रम र बजेटगत संक्षिप्त विवरण,
- ✓ सरावल गाउँपालिकाको आवधिक योजना,
- ✓ अवलोकन र समूह छलफलबाट प्राप्त बिबरण,
- ✓ सरावल गाउँपालिकाको नागरिक बडापत्र,
- ✓ सरावल गाउँपालिका कार्यालयको वेबसाईट,
- ✓ विषयगत शाखा कार्यालयहरुको अनुगमन, अन्तरक्रिया वेबसाईट तथा प्रकाशनहरु,

**धन्यवाद।**